# नेपालको कुल गार्हस्थ्य उत्पादनमा महिलाले पुर्‍याएको योगदान सम्बन्धी अध्ययन–प्रतिवेदन २०७९


नेपाल सरकार

**राष्ट्रिय योजना आयोग**

सिंहदरबार, काठमाडौं, नेपाल

फोनः +९७७-१-४२११९७०

फ्याक्सः +९७७-१-४२११७००

Email: npcs@npc.gov.np

# नेपालको कुल गार्हस्थ्य उत्पादनमा महिलाले पुर्याएको योगदान

## अध्ययन प्रतिवेदन २०७९

**नेपाल सरकार**

**राष्ट्रिय योजना आयोग**

**सिंहदरबार, काठमाडौं, नेपाल**

**फोनः +९७७-१-४२११९७०**

**फ्याक्सः +९७७-१-४२११७००**

Email: npcs@npc.gov.np

राष्ट्रिय योजना आयोग, सिंहदरबार, काठमाडौं, नेपालका लागि राष्ट्रिय आर्थिक सरोकार समाजद्वारा तयार गरिएको नेपालको कुल गार्हस्थ्य उत्पादनमा महिलाले पुऱ्याएको योगदानसम्बन्धी अध्ययन प्रतिवेदन २०७९ ।

# विषय सूची


कार्यकारी सारांश १

**परिच्छेद– १ :  परिचय** **५**

१.१ पृष्ठभूमि ५

१.२ अध्ययनको उद्देश्य ६

१.३ अध्ययन विधि ६

१.४ अध्ययनको सीमा ६

१.५ प्रतिवेदनको ढाँचा ७

**परिच्छेद–२ :  आर्थिक तथा गैरआर्थिक क्रियाकलापमा महिला सहभागिता** **८**

२.१ आर्थिक क्रियाकलापमा महिला सहभागिता ८

२.२ गैरआर्थिक क्रियाकलापमा महिला सहभागिता १६

**परिच्छेद–३ : लैङ्गिक उत्तरदायी बजेट तथा महिला सशक्तीकरण कार्यक्रम** **१७**

३.१ लैङ्गिक उत्तरदायी बजेट १७

३.२ महिला सशक्तीकरण कार्यक्रममा सरकारले गर्ने खर्चको विश्लेषण १९

**परिच्छेद–४ : कुल गार्हस्थ्य उत्पादनमा महिलाले पु¥याएको योगदान** **२३**

४.१ क्षेत्रीय तथा अन्तर्राष्ट्रिय अभ्यास २३

४.२ नेपालको सन्दर्भमा उपयुक्त विधि २६

४.३ नेपालको कुल गार्हस्थ्य उत्पादनमा महिलाले पु¥याएको योगदान २६

**परिच्छेद–५ : निष्कर्ष तथा सुझाव** **३१**

निष्कर्ष ३१

सुझाब ३४

सन्दर्भ सामग्री ३६

अनुसूचीहरू ३७

# तालिका सूची


तालिका १ : बढ्दो महिला रोजगारी दरको अन्तर्राष्ट्रिय GDP मा प्रभाव १०

तालिका २ : क्षेत्रगत रोजगारी (प्रतिशत) ११

तालिका ३ : नेपाली श्रम बजारका प्रमुख लैंङ्गिक सूचकहरू १२

तालिका ४ : इलाका, प्रदेश र लिंग अनुसार औसत मासिक आम्दानी १४

तालिका ५ : स्थिर सम्पत्तिमा महिलाको स्वामित्व भएका घरधुरी १४

तालिका ६ : लैङ्गिक उत्तरदायी बजेट २०६४/६५- २०७७/७८ १८

तालिका ७ : महिला सशक्तीकरण कार्यक्रममा नेपाल सरकारले गरेको खर्च २०

तालिका ८ : कुल गार्हस्थ्य उत्पादनमा महिलाले पुऱ्याएको योगदान अनुमान पद्धति २५

तालिका ९ : औद्योगिक वर्गीकरण अनुसार कुल मूल्य अभिवृद्धि २७

तालिका १० : औद्योगिक वर्गीकरण अनुसार महिला र पुरुषको रोजगारीमा हिस्सा २८

तालिका ११ : औद्योगिक वर्गीकरण अनुसार कुल मूल्य अभिवृद्धिमा महिलाको योगदान २९

तालिका १२ : राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनमा प्रदेशगत महिलाको योगदान ३०

# चार्ट सूची


चार्ट १ : काम गर्न योग्य जनसंख्यामा महिलाको हिस्सा ९

चार्ट २ : निजामती सेवामा महिला र पुरुष सहभागिताको प्रक्षेपण ११

चार्ट ३ : महिलाले व्यवस्थापन गरेका उद्योगहरूको संख्या १२

चार्ट ४ : महिलाको आम्दानी १३

चार्ट ५ : महिलाहरूको स्वामित्वमा रहेका उद्योगहरूको संख्या १५

चार्ट ६ : अनुमानित खर्च र यथार्थ खर्चबीचको अन्तर २१

# कार्यकारी सारांश

राष्ट्रिय योजना आयोगले पन्ध्रौ योजनामार्फत् लैङ्गिक समानतामूलक राष्ट्रको परिकल्पना गरे बमोजिम महिला सशक्तीकरणका लागि महिलाको भूमिका उजागर गर्ने सोच राखेको छ। यो सोचका साथ आयोगले अघि सारेका विभिन्न कार्यनीतिहरू मध्ये महिलाका विभिन्न क्रियाकलापहरूको मौद्रिक मूल्य मापन गरी राष्ट्रिय आयमा महिलाको योगदान गणना गर्ने कार्यनीति बमोजिम नेपालको कुल गार्हस्थ्य उत्पादनमा महिलाले पुर्याएको योगदानको लेखाजोखा गर्ने उद्देश्यका साथ यो अध्ययन गरिएको हो।

यस अध्ययनको प्रमुख उद्देश्य नेपालको कुल गार्हस्थ्य उत्पादनमा महिलाले पुर्याएको योगदान अनुमान गर्नु रहेको छ। अन्य सहायक उद्देश्यहरूमा लैङ्गिक उत्तरदायी बजेट र महिला विकास/सशक्तिकरणमा लक्षित कार्यक्रमहरूमा सरकारले गर्ने खर्चको विश्लेषण गर्नु, महिलाका आर्थिक तथा गैरआर्थिक क्रियाकलापहरू, श्रम सहभागिता दर, परिवारको आयमा हिस्सा र स्थायी सम्पत्तिमा स्वामित्वको लेखाजोखा गर्नु, कुल गार्हस्थ्य उत्पादनमा महिलाले पुर्याएको योगदान अनुमान सम्बन्धी क्षेत्रीय तथा अन्तर्राष्ट्रिय अभ्यासको अध्ययन गर्नु र कुल गार्हस्थ्य उत्पादनमा महिलाले पुर्याएको योगदान अनुमान पद्धतिलाई संस्थागत गर्ने व्यवहारिक सुझाव प्रदान गर्नु रहेका छन्।

यो अध्ययन प्रतिवेदन द्वितीय तथ्याङ्कका स्रोतहरूमा आधारित भई तयार गरिएको छ। विशेष गरी अर्थ मन्त्रालय, महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, केन्द्रीय तथ्याङ्क विभागले प्रकाशन गरेका तथ्याङ्कहरू एवं सन्दर्भ सामग्री अध्ययनका क्रममा उपयुक्त ठहरिएका राष्ट्रिय एवं अन्तर्राष्ट्रियरूपमा प्रकाशित सामग्रीका आधारमा सम्बन्धित विषयवस्तुको विश्लेषण गरिएको छ। औद्योगिक वर्गीकरण अनुसार महिलाको रोजगारी र १८ वटा औद्योगिक क्षेत्रहरूमा महिलाको हिस्साको गणना गरी कुल गार्हस्थ्य उत्पादनमा महिलाले पुर्याएको योगदानको अनुमान गरिएको छ।

नेपालमा आर्थिक वर्ष २०६४/६५ देखि लैङ्गिक बजेटको तर्जुमा एवं योजनागत रूपमा लैङ्गिक खाडल कम गर्ने प्रयास भएको पाइयो। परिणाम स्वरूप नेपालको लैङ्गिक विकास सूचकाङ्क हाल ०.९३३ पुगेको छ। जुन पन्ध्रौ राष्ट्रिय योजनाको लक्ष्य (०.९६३) नजिक रहेको देखिन्छ। आ.व.२००९/२०११ देखि २०६८ सम्म

औसतमा आर्थिकरूपले सक्रिय जनसंख्यामा महिलाको हिस्सा जम्मा ३९ प्रतिशत रहेकोमा आ.व. २०७४/७५ मा बढेर ५६ प्रतिशत पुगेको छ । काम गर्न योग्य जनसंख्यामा महिलाको हिस्सा प्रदेश ३ मा सर्वाधिक (२३.४५ प्रतिशत) तथा सुदूरपश्चिम प्रदेशमा सबैभन्दा न्यून (९.०८ प्रतिशत) रहेको छ। औपचारिक क्षेत्रको तुलनामा अनौपचारिक क्षेत्रमा महिला रोजगारी संख्या बढी रहेको तर औपचारिक र अनौपचारिक क्षेत्र अन्तरगत गैरकृषि क्षेत्रमा महिला रोजगारी प्रतिशत लगभग बराबर (३२ %) छ। अधिकांश महिलाहरू आवास तथा भोजन सेवासँग सम्बन्धित उद्योग (४०.३%) र मानव स्वास्थ्य तथा सामाजिक कार्यसँग सम्बन्धित उद्योग (४०.२%) व्यवस्थापनमा संलग्न रहेका छन्। आ.व. २०७४/७५ मा महिला श्रम सहभागिता दर ५३.८ प्रतिशत र महिला बेरोजगारी दर १०.३ प्रतिशत पुगेको तथ्यांक पाइनुले आर्थिक गतिविधिका लागि महिला जनशक्ति तयार हुने क्रम बढ्दै गएको देखाउँदछ। साथै घरको नेतृत्व गर्ने महिलाको संख्या बढेर २४.८ प्रतिशत पुगेको छ। महिला र पुरूषमा मासिक औसत आम्दानीमा भिन्नता शहरी क्षेत्रमा रू. ५,७१० एवं ग्रामीण क्षेत्रमा रू. ६,४१४ रहेको छ।

नेपाल सरकारले आर्थिक वर्ष २०६४/६५ देखि लैंगिक उत्तरदायी बजेटको विनियोजन गर्ने कार्यको सुरुआत गरेपश्चात् वर्तमानमा बजेट तर्जुमा दिग्दर्शन, २०७५ (आठौं संस्करण) मार्फत् विभिन्न सूचक, उपसूचक र परीक्षण सूचिहरू तयार गरी लैङ्गिक बजेट तर्जुमाको आधार स्पष्ट पारेको छ। विगत १५ वर्षको (२०६४/६५ –२०७८/७९) लैङ्गिक उत्तरदायी बजेटको प्रवृत्तिलाई केलाउँदा आर्थिक वर्ष २०७४/७५ सम्म लैङ्गिक बजेट बढेको देखिन्छ। त्यसपछिका दुई वर्षमा लैङ्गिक बजेटको आकार घटेको भए तापनि पुनः आर्थिक वर्ष २०७७/७८ देखि बजेटको आकार बढेको देखिन्छ। शुरूका १० वर्षहरूमा प्रत्यक्ष उत्तरदायी बजेटको तुलनामा अप्रत्यक्ष उत्तरदायी बजेट र तटस्थ बजेटको हिस्सा अधिक भए तापनि अन्तिम ५ वर्षहरूमा प्रत्यक्ष र अप्रत्यक्ष उत्तरदायी बजेटको हिस्सा अधिक देखिन्छ। आर्थिक वर्ष २०७७/७८ र २०७८/७९ मा प्रत्यक्ष उत्तरदायी बजेटको हिस्सा सबैभन्दा धेरै (३८.१८ प्रतिशत र ३९.७८ प्रतिशत) रहेको छ।

विगतका ५ वर्षहरूमा औसतमा ३६ प्रतिशत प्रत्यक्ष उत्तरदायी बजेटको विनियोजनले सरकारी बजेटरी कार्यक्रमहरू ५० प्रतिशत भन्दा बढी महिलालाई प्रत्यक्ष लाभ पुग्नेगरी तय गरिएको भन्ने पुष्टि गर्दछ। यस्तै गरी सोही अवधिमा औसतमा ३८ प्रतिशत बजेटरी कार्यक्रमहरू २० प्रतिशत देखि ५० प्रतिशत

महिलालाई अप्रत्यक्ष लाभ प्रदान गर्ने गरी र २६ प्रतिशत कार्यक्रमहरू २० प्रतिशत भन्दा कम महिलालाई  लाभ प्रदान गर्ने गरी तय गरिएको देखिन्छ। विगत ५ वर्षदेखि लैङ्गिक दृष्टिकोणले तटस्थ बजेटको आकार घट्दै जानुले बजेट मार्फत संघ, प्रदेश र स्थानीयस्तरमा लैङ्गिक समानतालाई प्राथमिकता दिने क्रम बढ्दै गइरहेको प्रष्ट हुन्छ।

लैङ्गिक उत्तरदायी बजेट निर्माणको १५ वर्षे इतिहासमा नेपालमा आवश्यक कानूनी तथा नीतिगत संरचनाको जग बसेको पाइए तापनि लैङ्गिक उत्तरदायी बजेटको वर्गीकरण अनुसार अनुमानित र यथार्थ खर्चको विश्लेषण गरी वास्तविकरूपमा कस्ता कार्यक्रमहरूमा बजेट खर्च हुन नसकेको हो सो को अध्ययन हुनु जरूरी देखिन्छ। राष्ट्रिय लैंगिक नीति एवं अन्य महिला हिंसा लगायतका नीतिहरूसँग लैङ्गिक उत्तरदायी बजेटको तादम्यता कस्तो रहेको छ भन्ने बारेमा पर्याप्त विश्लेषण भएको पाइँदैन।

महिला सशक्तीकरण कार्यक्रममा सरकारले विगतमा गरेको खर्चको प्रवृत्तिलाई विश्लेषण गर्दा आर्थिक वर्ष २०६६/६७ देखि २०६८/६९ सम्म अनुमानित खर्चमा वैदेशिक अनुदानको समेत प्रयोग गर्ने सोच राखिएको पाइयो। त्यसपछिका वर्षहरूमा महिला सशक्तीकरण कार्यक्रमहरूको सम्पूर्ण खर्चको स्रोत नेपाल सरकारले नै व्यहोर्ने व्यवस्था मिलाएको देखियो।

आर्थिक वर्ष २०७७/७८ मा नेपाल सरकारले उल्लेखित शीर्षकमा आर्थिक वर्ष २०६६/६७ को तुलनामा ४ गुणा बढी (रू. ८ करोड २३ लाख) खर्च गरेको छ। आर्थिक वर्ष २०७३/७४ र २०७५/७६ बाहेक अन्य वर्षहरूमा कुल अनुमानित खर्चभन्दा यथार्थ खर्च कम भएको देखिन्छ। उक्त दुई वर्षमा थप बजेट मार्फत् बढी रकम विनियोजन भएको देखिन्छ। महिला सशक्तीकरण कार्यक्रममा विनियोजित सरकारी खर्चको रकम र यथार्थ खर्चको रकममा देखिएको खाडलले महिला सशक्तीकरणको सरकारी प्रयास कमजोर रहेको देखिन्छ।

महिला र पुरुषको आवश्यकता अनुरूप कार्यक्रम र बजेट विनियोजन गर्न लैङ्गिक उत्तरदायी बजेटलाई सशक्त माध्यमका रूपमा लिइएको भएतापनि लक्षित वर्गको वास्तविक रूपमा उत्थान भएको छ त भन्ने जिज्ञासा विद्यमान नै छ। यससँगै अन्तर्राष्ट्रिय सहायताका परियोजनाहरूलाई नेपालको लैङ्गिक उत्तरदायी बजेटको सोच अनुरूप ढाल्नु चुनौतीपूर्ण देखिन्छ। साथै अध्ययनका क्रममा महिला सशक्तीकरण कार्यक्रममा लैङ्गिक बजेट तर्जुमा विधि एवं कायक्रमहरूको मूल्यांकन स्थानीय स्तरमा कसरी भइरहेको छ भनी तुलनात्मक अध्ययन एवं स्थानीय तह तथा

प्रदेशमा भएका अध्ययन र लैंगिक बजेट परीक्षणको विश्लेषणात्मक अध्ययन हुनु जरूरी देखियो।

आ.व. २०७४/७५ मा नेपालको कुल गार्हस्थ्य उत्पादनमा महिलाको योगदान ३६.७८ प्रतिशत रहेको पाइयो। आर्थिक गणना २०७५ को रोजगारीको तथ्याङ्कका आधारमा गणना गर्दा आ.व. २०७४/७५ मा कुल गार्हस्थ्य उत्पादनमा महिलाको योगदान ३३.५० प्रतिशत पाइयो ।

यसैगरी नेपाल श्रम शक्ति सर्वेक्षण २०६५ को लैङ्गिक तथ्याङ्कका आधारमा गणना गर्दा २०६५ मा महिलाको योगदान ३६.८९ प्रतिशत पाइयो। प्रदेशगत औद्योगिक वर्गीकरण अनुसार रोजगारीको तथ्याङ्क उपलब्ध नभएकाले प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा प्रदेशका महिलाको योगदान गणना गर्न सकिएन।

अध्ययनका क्रममा ज्यालासम्बन्धी तथ्याङ्कलाई अझै परिष्कृत गरिनुपर्ने, प्रदेशगतरूपमा औद्योगिक वर्गीकरण अनुसार महिलाको हिस्सा समेत गणना गरिनुपर्ने, सानो पकेट क्षेत्रको भए पनि आय विधिबाट कुल गार्हस्थ्य उत्पादनको गणना गर्ने अभ्यास गरिनुपर्ने, संघ, प्रदेश र स्थानीय तहबीच तथ्याङ्क आदान प्रदान गर्ने संयन्त्र बलियो बनाउनु पर्ने आवश्यकता देखियो।

# *परिच्छेद १*
# परिचय

## १.१ पृष्ठभूमि

नेपालको संविधानले लैंगिक विभेदको अन्त्य गरी भेदभावरहित समावेशी विकासको आधार तयार गरेको छ । नेपाल सरकारले ऐनकानुन, वार्षिक बजेट तथा कार्यक्रम र स्थानीय स्तरका आवधिक योजनाहरूमा समेत महिला सहभागिता तथा क्षमता अभिवृद्धिका कार्यक्रमहरू समावेश गरी सुरक्षित, सभ्य र न्यायपूर्ण समाजको निर्माण गर्ने कार्य गरिरहेको छ । समतामूलक समाजको निर्माणका लागि निजी एवं गैरसरकारी क्षेत्रलाई प्रोत्साहन गरिएको छ । परिणामस्वरुप नेपालमा महिलाको सामाजिक-आर्थिक अवस्थामा विगतका वर्षहरूको तुलनामा सकारात्मक परिवर्तनहरू देखिएका छन् ।

आर्थिक क्रियाकलापमा महिलाको सहभागिता दर बढ्दै गइरहेको छ । वि.सं. २०६५ को तुलनामा २०७५ मा महिलाको मासिक औसत आम्दानी[१] रु. १०,२३० रुपियाँले बढेको छ । आ.व.२०७४/२०७५ मा रू. ७६०० देखि रू. १०००० मासिक कमाई गर्ने महिला ४७ प्रतिशत, रू. २५००० वा रू. २५००० भन्दा माथि मासिक कमाई गर्ने महिला १२.२ प्रतिशत रहेका छन् । सोही वर्षमा महिलाको श्रम सहभागिता दर २६.३ प्रतिशत एवं औपचारिक क्षेत्रमा कार्यरत महिलाको संख्या ३३.५ प्रतिशत पुगेको छ । साक्षरता दरमा आएको वृद्धिसँगै महिला श्रम सहभागिता दरमा समेत वृद्धि भएको छ ।[२] राजनीतिमा सक्रियरुपमा सहभागी महिलाको संख्या बढेको छ । संघीय संसदमा महिलाको सहभागिता ५ प्रतिशत (वि.सं. २०६२) बाट बढेर २०७५ मा ३३ प्रतिशत पुगेको छ । तथापि महिलाहरूलाई आर्थिक क्रियाकलापमा सहभागी गराउँदै लैंगिक समानतामूलक समाजको निर्माण गर्न समाजमा महिलाको योगदानबारे सचेतना जगाउनुका साथै महिलाको भूमिका झल्काउने विविध क्षेत्रगत तथ्यांकहरूको संकलन एवम् सार्वजनिकिकरण आवश्यक देखिन्छ ।

यसै परिवेशमा नेपालको पन्„ौ योजना (२०७६/७७-२०८०/८१) ले महिलाको समान तथा अर्थपूर्ण सहभागिता सहित सारभूत समानता कायम गर्ने लक्ष्य लिएको छ । उक्त लक्ष्य प्राप्तिका लागि महिलाको सम्मानित जीवनयापनको वातावरण सुनिश्चित गर्ने, महिला विरूद्ध हुने सबै प्रकारका भेदभाव, हिंसा र शोषणको अन्त्य गर्ने र महिलाको समान अग्रसरता र नेतृत्वदायी भूमिका स्थापित गर्दै स्रोत, साधन, अवसर तथा लाभमा महिलाको समान पहुँच सुनिश्चित गर्ने उद्देश्य लिएको छ । साथै राज्यका सबै तहको सरकारमा लैंगिक उत्तरदायी बजेट विनियोजन पद्धतिलाई संस्थागत गर्ने, लैंगिक समानता तथा सशक्तीकरण मापन गर्ने तथ्यांक प्रणालीको विकास गर्ने, आर्थिकरूपले विपन्न र सामाजिक

---

[१] नेपाल श्रम शक्ति सर्वेक्षण २०६५, २०७४/७५

[२] नेपाल श्रम शक्ति सर्वेक्षण २०७४/७५

रूपले पछाडि परेका महिलालाई विशेष प्राथमिकता दिँदै आर्थिक सशक्तीकरण र सामाजिक रूपान्तरण गर्ने लगायतका रणनीतिहरू तय गरिएको छ । उक्त रणनीतिहरू प्राप्तिका लागि लिइएका कार्यनीतिमध्ये महिलाको घरेलु श्रम तथा पारिवारिक हेरचाह सम्बन्धी क्रियाकलापको मूल्य कायम गरी राष्ट्रिय आयमा महिलाको योगदानको गणना गर्ने कार्यनीति एवं समग्र क्षेत्रगत लक्ष्य प्राप्तिलाई आधार बनाई नेपालको कुल गार्हस्थ्य उत्पादनमा महिलाले पुर्याएको योगदानको लेखाजोखा गर्ने उद्देश्यका साथ यो अध्ययन प्रतिवेदन तयार गरिएको हो ।

## १.२ अध्ययनको उद्देश्य

यस अध्ययनका उद्देश्यहरू देहाय बमोजिम छन् ।

- नेपालको कुल गार्हस्थ्य उत्पादनमा महिलाले पुर्याएको योगदान अनुमान गर्ने ।
- प्रदेशस्तरीय कुल गार्हस्थ्य उत्पादनमा महिलाको योगदान अनुमान गर्ने ।
- महिलाका आर्थिक तथा गैरआर्थिक क्रियाकलापहरू, श्रम सहभागिता दर, परिवारको आयमा हिस्सा र स्थायी सम्पत्तिमा स्वामित्वको लेखाजोखा गर्ने ।
- लैङ्गिक उत्तरदायी बजेट र महिला विकास/सशक्तीकरणमा लक्षित कार्यक्रमहरूमा सरकारले गर्ने खर्चको विश्लेषण गर्ने ।
- कुल गार्हस्थ्य उत्पादनमा महिलाले पुर्याएको योगदान अनुमान गर्ने पद्धतिलाई संस्थागत गर्न व्यवहारिक नीति, विधि र प्रविधि बारे सुझाव प्रदान गर्ने ।
- कुल गार्हस्थ्य उत्पादनमा महिलाले पुर्याएको योगदान अनुमान सम्बन्धी अन्तर्राष्ट्रिय तथा क्षेत्रीय अभ्यास र अनुमानसँग तुलनात्मक विश्लेषण गर्ने ।

## १.३ अध्ययन विधि

यो अध्ययन प्रतिवेदन द्वितीय तथ्याङ्कका स्रोतहरूको आधारमा तयार गरिएको छ । राष्ट्रिय योजना आयोगद्वारा प्रकाशित पन्ध्रौं योजना पुस्तिका, केन्द्रीय तथ्याङ्क विभागबाट प्रकाशित नेपाल श्रम सर्वेक्षण र राष्ट्रिय आर्थिक गणना, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयद्वारा प्रकाशित सामाजिक तथ्याङ्क संकलन-२०७८ पुस्तिका, अर्थ मन्त्रालयबाट प्रकाशित आर्थिक सर्वेक्षण, तथा राष्ट्रिय एवं अन्तर्राष्ट्रिय अध्ययन अनुसन्धान सामग्रीहरूलाई अध्ययनको स्रोतका रूपमा लिइएको छ । अध्ययनको प्रमुख उद्देश्य "नेपालको कुल गार्हस्थ्य उत्पादनमा महिलाले पुर्‍याएको योगदान" महिलाको रोजगारी हिस्साको आधारमा निर्धारण गरिएको छ ।

## १.४ अध्ययनको सीमा

अध्ययनका सहायक उद्देश्यहरूसँग सम्बन्धित विषयवस्तु जस्तै महिलाका गैरआर्थिक क्रियाकलापहरू, महिलाको परिवारको आयमा हिस्सा, महिलाको स्थायी सम्पत्तिमा स्वामित्वसँग सम्बन्धित पर्याप्त मात्रामा विश्वसनीय तथ्याङ्क उपलब्ध नभएकाले साधारण विश्लेषण मात्रै गरिएको छ । नेपालको कुल गार्हस्थ्य उत्पादनमा महिलाले पुर्‍याएको

योगदानको अनुमान पद्धतिमा आय विधि तथा अन्य विधिको प्रयोगबाट प्राप्त परिणाम विश्वसनीय नपाइएकोले ती विधिहरू प्रयोग गरिएको छैन् ।

## १.५ प्रतिवेदनको ढाँचा

प्रतिवेदनलाई मूलतः ५ परिच्छेदमा बाँडिएको छ । पहिलो परिच्छेदमा अध्ययनको पृष्ठभूमि, उद्देश्य, अध्ययन विधि, अध्ययनको सीमा र प्रतिवेदनको ढाँचा समावेश गरिएको छ । दोस्रो परिच्छेदमा आर्थिक तथा गैरआर्थिक क्रियाकलापमा महिला सहभागिताबारे विश्लेषण गरिएको छ । तेस्रो परिच्छेदमा लैङ्गिक उत्तरदायी बजेट र महिला सशक्तीकरण कार्यक्रमको समग्र विश्लेषण गरिएको छ । कुल गार्हस्थ्य उत्पादनमा महिलाले पुऱ्याएको योगदान अनुमान पद्धतिको चर्चा एवं नेपालको कुल गार्हस्थ्य उत्पादनमा महिलाले पुऱ्याएको योगदानको अनुमान परिच्छेद चारमा गरिएको छ । परिच्छेद पाँचमा प्रतिवेदनको निष्कर्ष समावेश गरिएको छ ।

*परिच्छेद २*

# आर्थिक तथा गैरआर्थिक क्रियाकलापमा महिला सहभागिता

पहिलो र दोस्रो विश्व युद्धको भोगाइ र सिकाइबाट विस्तारै आधुनिक विकासमा फड्को मार्दै गरेको विश्वमा महिलाको सामाजिक तथा आर्थिक स्थितिबारे सन् १९७० बाट मात्रै चर्चा चल्न थालेको पाइन्छ । वोसेरूपले[३] सन् १९७० मा प्रथमपटक अर्थतन्त्रमा महिलाको स्थानका बारेमा चर्चा गर्दै आर्थिक रूपमा विकासशील समाजमा विकासले महिलामा नकारात्मक प्रभाव पार्दै उनीहरूलाई सिमान्तीकृत बनाएको चर्चा गरेकी थिइन् । त्यसपश्चात् पश्चिमा जगत्मा विशेषगरी युरोपेली युनियन र संयुक्त राष्ट्रसंघ मार्फत् महिलाको समग्र विकासका बारेमा आवाज उठाउँदै महिलाको आर्थिक भूमिकाका बारेमा चर्चा गरेको पाइन्छ । नेपालमा प्रथम पञ्चवर्षीय योजना (२०१३-२०१८) देखिनै महिला विकासका लागि कार्यक्रम तय गरिएको पाइए तापनि छैटौ योजनादेखि महिलाको समग्र विकासलाई बढी प्राथमिकता दिएको पाइन्छ । महिला विकास तथा महिला सशक्तीकरण मार्फत् महिलालाई आर्थिक क्रियाकलापमा सक्रीय बनाउने योजनाबद्ध नीतिगत ठोस प्रयास भने आर्थिक वर्ष २०६४/६५ मा लैङ्गिक उत्तरदायी बजेटको विनियोजनसँगै सुरु भएको देखिन्छ ।

वास्तविक अर्थमा महिलाको विकास त्यतिवेला भएको मानिन्छ जब महिलाले समाजका हरेक आर्थिक र गैर आर्थिक क्षेत्रमा पुऱ्याएको योगदानको समाजले अनुभूति गर्नेछ । महिलाको श्रम सहभागिता दर, औद्योगिक क्षेत्रमा महिलाको उपस्थिति, परिवारको आयमा हिस्सा तथा स्थायी सम्पत्तिमा महिलाको स्वामित्व आदिले महिलाको आर्थिक क्रियाकलापमा प्रभाव पार्दछन् । यसै तथ्यलाई मध्यनजर गरी परिच्छेद २.१ मा महिलाका आर्थिक क्रियाकलापसँग सम्बन्धित पक्षबारे लेखाजोखा गर्ने जमर्को गरिएको छ । साथै परिच्छेद २.२ मा महिलाका गैह्न आर्थिक क्रियाकलापबारे संक्षिप्तमा चर्चा गरिएको छ ।

## २.१ आर्थिक क्रियाकलापमा महिला सहभागिता

आर्थिकरूपमा सक्रीय जनसंख्याको आकारले आर्थिक क्रियाकलापमा प्रत्यक्ष एवं अप्रत्यक्ष रूपमा सकारात्मक प्रभाव पारेको हुन्छ । वि.सं. २००९/११ देखि २०६८[४] सम्मको तथ्यांक हेर्दा नेपालमा आर्थिकरूपले सक्रीय जनसंख्यामा महिलाको हिस्सा औसतमा जम्मा ३९ प्रतिशत मात्रै रहेको छ । उल्लेखित वर्षहरूमा न्यूनतम हिस्सा (२९.२ प्रतिशत) वि.सं. २०२८ र अधिकतम हिस्सा ४५.४ प्रतिशत.) वि.सं.२०६८ मा रहेको छ । नेपाल

---

३ Boserup, Ester (1970). Woman's role in economic development. London: George Allen & Unwin.

४ Compilation of Social Statistics Nepal (2078). Ministry of Women, Children and Senior Citizen, Government of Nepal

श्रम सर्वेक्षण (सन् २०७४/७५) का अनुसार कुल काम गर्न योग्य जनसंख्यामा महिलाको हिस्सा बढेर ५६ प्रतिशत पुगेको छ । समग्रमा तथा प्रदेशगतरूपमा हेर्ने हो भने यो हिस्सा प्रदेश ३ मा अधिक रहेको छ भने सुदूरपश्चिम प्रदेशमा न्यूनतम रहेको छ । शहरी क्षेत्रमा बढी (औसत लगभग ६० प्रतिशत) रहेको छ । काम गर्न योग्य जनसंख्यामा महिलाको हिस्सा तलको चार्ट १ मा देखाइएको छ ।

**चार्ट १ : काम गर्न योग्य जनसंख्यामा महिलाको हिस्सा**




*स्रोत: नेपाल श्रमशक्ति सर्वेक्षण (२०७४/७५)*

### २.१.१ श्रम बजारमा महिला सहभागिता

बढ्दो महिला रोजगारीको दरले समग्र अर्थतन्त्रमा प्रभाव पार्दछ भन्ने तथ्यलाई तालिका १ ले थप प्रष्ट पार्दछ । तालिका १ मा बढ्दो महिला रोजगारीको दरले अन्तर्राष्ट्रिय जिडिपि मा पारेको कुल र खुद प्रभावलाई चित्रण गरिएको छ । महिला रोजगारीमा भएको वृद्धिसँगै इजिप्ट, भारत, अर्जेन्टिना, इटाली लगायतका देशको कुल गार्हस्थ्य उत्पादनमा प्रशंसनीयरूपमा वृद्धि आएको देखिन्छ । तालिका १ अनुसार महिला रोजगारी दरमा आएको १ प्रतिशत वृद्धिले जिडिपिमा अधिकतम ४५ प्रतिशत (भारत) देखि न्यूनतम ३ प्रतिशत (स्वीडेन र तान्जानिया) कुल प्रभाव पारेको छ । यस तथ्यबाट महिला श्रम सहभागिताले अर्थतन्त्रमा प्रत्यक्षरूपमा प्रभाव पारिरहेको तथ्य उजागर हुन्छ । यकिन तथ्यांक उपलब्ध नभए तापनि नेपालको परिवेशमा पनि महिला श्रम सहभागिता दरले सकारात्मक प्रभाव पारेको छ भन्नु अत्युक्ति नहोला ।

**तालिका १: बढ्दो महिला रोजगारी दरको अन्तर्राष्ट्रिय GDP मा प्रभाव**

| क.सं. | देश | GDP मा कुल प्रभाव | GDP मा खुद प्रभाव |
|---|---|---|---|
| १. | अर्जेन्टिना | १९% | १२% |
| २. | ब्राजिल | १५% | ९% |
| ३. | चीन | ८% | ५% |
| ४. | डेनमार्क | ४% | ३% |
| ५. | इजिप्ट | ५६% | ३४% |
| ६. | फ्रान्स | ७% | ४% |
| ७. | जर्मनी | ७% | ४% |
| ८. | भारत | ४५% | २७% |
| ९. | इटाली | १९% | ११% |
| १०. | जपान | १५% | ९% |
| ११. | दक्षिण अफ्रिका | १७% | १०% |
| १२. | स्पेन | १०% | ६% |
| १३. | स्वीडेन | ३% | २% |
| १४. | तान्जानिया | ३% | २% |
| १५. | संयुक्त अरब इमिरेट्स | १९% | १२% |
| १६. | बेलायत | ८% | ५% |
| १७. | अमेरिका | ८% | ५% |

Source: Booz & Company, 2012

श्रम बजारमा महिला सहभागिता वृद्धि गराई आर्थिक क्रियाकलापमा महिलाको उपस्थिति बढाउन नेपालमा महिला सशक्तिकरण कार्यक्रम लगायत अन्य महिला लक्षित कार्यक्रमलाई सरकारी नीति तथा राष्ट्रिय योजना मार्फत् प्राथमिकतामा राखिएको छ । सरकारी तथा निजीक्षेत्रको प्रयास स्वरूप औपचारिक तथा अनौपचारिक क्षेत्रमा महिला रोजगारीको हिस्सा सन् २०७४/२०७५ मा क्रमशः ३३.५ र ६६.५ प्रतिशत (तालिका २) पुगेको छ । औपचारिक क्षेत्रको तुलनामा अनौपचारिक क्षेत्रमा महिला रोजगारी संख्या बढी रहेको पाइन्छ । औपचारिक र अनौपचारिक क्षेत्र अर्न्तगत गैह्रकृषि क्षेत्रमा महिला रोजगारी प्रतिशत लगभग बराबर रहेको छ । निजी घरायसी क्षेत्रमा महिला रोजगारी पुरुषको तुलनामा तेब्बर अर्थात् १.८ प्रतिशत रहेको छ ।


**तालिका २ : क्षेत्रगत रोजगारी (प्रतिशत)**

| रोजगारीको क्षेत्र | पुरुष | महिला | कुल |
|---|---|---|---|
| औपचारिक | ४०.३ | ३३.५ | ३७.८ |
| कृषि | १.३ | १.२ | १.३ |
| गैह्र कृषि | ३९.० | ३२.३ | ३६.५ |
| अनौपचारिक | ५९.७ | ६६.५ | ६२.५ |
| कृषि | १३.४ | ३१.८ | २०.२ |
| गैह्र कृषि | ४५.८ | ३२.९ | ४१.० |
| निजी घरायसी | ०.६ | १.८ | १.० |

स्रोत: नेपाल श्रमशक्ति सर्वेक्षण (२०७४/७५)

यस्तै गरी निजामती कर्मचारी विभागको सन् २०२० को अभिलेख र प्रक्षेपण अनुसार निजामती सेवामा चार्ट २ मा देखाएजस्तै सन् २०३६/३७ सम्ममा महिला र पुरुषको समान सहभागिता (५०-५० प्रतिशत) हुने प्रक्षेपण गरिएको छ। जस अनुसार सन् २०१९/२० को निजामती सेवामा पुरुषको सहभागिता प्रतिशत (७४.३४ प्रतिशत) घटेर सन् २०३६/३७ मा ५० प्रतिशत पुग्नुपर्नेछ। सोही अवधिमा महिला सहभागिता लगभग २५ प्रतिशतले बढ्नुपर्ने देखिन्छ।


**चार्ट २ : निजामती सेवामा महिला र पुरुष सहभागिताको प्रक्षेपण**




स्रोत: Compilation of Social Statistics Nepal, MoWCSC, 2078

राष्ट्रिय आर्थिक गणना २०७५ अनुसार आवास तथा भोजन सेवासँग सम्बन्धित ४०.३ प्रतिशत उद्योग र मानव स्वास्थ्य तथा सामाजिक कार्यसँग सम्बन्धित ४०.२ प्रतिशत उद्योग महिलाहरूले व्यवस्थापन गरेका छन् (चार्ट ३)।

### चार्ट ३ : महिलाले व्यवस्थापन गरेका उद्योगहरूको संख्या




यी उद्योग बाहेक अन्य उद्योगको व्यवस्थापनमा लैङ्गिक असमानता कायमै देखिन्छ । अर्थात् पुरुषको तुलनामा न्यून संख्यामा उद्योगहरूको व्यवस्थापन महिलाद्वारा भएको देखिन्छ । उद्योगमा संलग्नताको दृष्टिकोणबाट हेर्ने हो भने म्यानेजरका रुपमा कार्य गर्ने महिलाको संख्या पुरुषको तुलनामा आधा (२.१ प्रतिशत) मात्रै छ ।

समग्रमा नेपालको श्रम बजारमा महिलाको सहभागितालाई तालिका ३ मा देखाइएको छ ।

**तालिका ३: नेपाली श्रम बजारका प्रमुख लैंङ्गिक सूचक**

| सूचकहरू | महिला | पुरुष | कुल |
|---|---|---|---|
| रोजगार-जनसंख्या अनुपात | ४८.३ | २२.९ | ३४.२ |
| श्रम सहभागिता दर | ५३.८ | २६.३ | ३८.५ |
| बेरोजगारी दर | १०.३ | १३.१ | ११.४ |


स्रोत: नेपाल श्रम सर्वेक्षण (२०७४/७५)

आ.व.२०७४/७५ को नेपाल श्रम सर्वेक्षण अनुसार नेपालमा महिला श्रम सहभागिता दर ५३.८ प्रतिशत रहेको छ भने बेरोजगारी दर १०.३ प्रतिशत रहेको छ । रोजगार-जनसंख्या अनुपात ४८.३ प्रतिशत रहेको छ जुन पुरुषको तुलनामा बढी देखिन्छ । यस तथ्यले महिलालाई वास्तविकरूपमा आर्थिक क्रियाकलापमा अझै पनि संलग्न गराउन नसकिएको पुष्टि गर्दछ ।

### २.१.२ आयमा महिलाको हिस्सा

लैंगिक असमानता/खाडल कम गर्न सकेमा महिलाको आम्दानी १४ प्रतिशत देखि ४६ प्रतिशत सम्म बढ्ने अध्ययनहरूले देखाएका छन् ।[५] नेपालका वर्तमान लैङ्गिक सूचकहरूले विगतका तुलनामा लैङ्गिक खाडल घट्दै गइरहेको देखाउँदछन् । विगतका तुलनामा महिला रोजगारी बढेसँगै परिवारको आयको हिस्सामा महिलाको योगदान बढ्दै गइरहेको छ । तथापि विश्वसनीय तथ्याङ्कको अभावमा परिवारको आयमा महिलाको हिस्सा किटान गर्न सकिएन । यद्यपि सन् २०१६ मा परिवारमा श्रीमान्को तुलनामा महिलाको आम्दानीको अवस्थालाई तलको चार्ट ३ मार्फत् देखाइएको छ । जस अनुसार ७३.४ प्रतिशत महिलाको आम्दानी श्रीमान्को भन्दा कम रहेको छ भने ७.५ प्रतिशत महिलाको आम्दानी पुरूषको भन्दा बढी रहेको छ ।

**चार्ट ४ : महिलाको आम्दानी**




स्रोतः Compilation of Social Statistics Nepal, MoWCSC, 2078

तालिका ४ अनुसार महिलाको आम्दानी ग्रामीण क्षेत्रको तुलनामा शहरी क्षेत्रमा बढी देखिन्छ भने प्रदेशहरूमा प्रदेश नं. ३ मा बढी देखिन्छ । महिला र पुरुषमा मासिक औसत आम्दानीमा भिन्नता शहरी क्षेत्रमा रू. ५,७१० रहेको छ भने ग्रामीण क्षेत्रमा रू. ६,४१४ रहेको छ । प्रदेशहरूमध्ये प्रदेश ४ (गण्डकी प्रदेश) मा महिलाको औसत मासिक आम्दानी पुरूषको तुलनामा रू. १०,३०३ ले सबैभन्दा कम देखिन्छ । अन्य प्रदेशमा पुरुषको तुलनामा महिलाको आम्दानीमा भिन्नता रू. ५,००० रहेको छ ।

---

[५] Women in work 2022

**तालिका ४: इलाका, प्रदेश र लिंग अनुसार औसत मासिक आम्दानी**

| इलाका/प्रदेश | औसत मासिक आम्दानी (रू.) | | |
|---|---|---|---|
| | पुरूष | महिला | कुल |
| शहरी क्षेत्र | १९,६९६ | १३,९८६ | १७,९६५ |
| ग्रामीण क्षेत्र | १८,९६० | १२,५४६ | १७,४३७ |
| प्रदेश १ | १८,३२८ | ११,३४९ | १६,५०९ |
| मधेश प्रदेश | १६,५५० | ११,४१५ | १५,०८८ |
| बागमती प्रदेश | २२,०९३ | १५,९११ | २०,१७२ |
| गण्डकी | २३,१०६ | १२,८०३ | १९,४७६ |
| लुम्बिनी प्रदेश | १८,५०१ | १४,४०६ | १७,५५७ |
| कर्णाली प्रदेश | २१,२१३ | १५,६८५ | १९,९६९ |
| सुदूरपश्चिम प्रदेश | १७,४४२ | १३,५८३ | १६,३५६ |
| कुल | **१९,४६४** | **१३,६३०** | **१७,८०९** |

स्रोतः नेपाल श्रमशक्ति सर्वेक्षण (२०७४/७५)

### २.१.३ महिलाको स्थायी सम्पत्तिमा स्वामित्व

विगतका सरकारी सर्वेक्षणहरूले महिलाको नेतृत्वमा भएका घरधुरीको संख्या बढ्दै गएको देखाएको छ । घरधुरी सर्वेक्षण[६] २०७३/७४ अनुसार २४.८ प्रतिशत महिलाले घरको नेतृत्व गरेका छन् । यस्तो संख्या ग्रामीण क्षेत्रको तुलनामा शहरी क्षेत्रमा ७ प्रतिशतले बढी पाइन्छ । आ.व. २०७१/७२ मा १५.४१ प्रतिशत महिलाले घरको नेतृत्व गरेका थिए । घरधुरी बजेट सर्वेक्षण २०७१/७२ का अनुसार ९.३४ प्रतिशत गृहिणीले घरको नेतृत्व गरेका थिए । नेपाल जीवनस्तर सर्वेक्षण २०६८ अनुसार स्थिर सम्पत्तिमा महिलाको स्वामित्वलाई तलको तालिका ५ मा देखाइएको छ ।

**तालिका ५: स्थिर सम्पत्तिमा महिलाको स्वामित्व भएका घरधुरी (प्रतिशत)**


| | | क्षेत्रगत स्वामित्व | | |
|---|---|---|---|---|
| सम्पत्तिको प्रकार र हिस्सा | | हिमाल | पहाड | तराइ |
| घर र जमीन | १०.७ | ५.५ | ९.९ | १२.३ |
| जमीन मात्रै | ९ | ५.६ | ८ | १०.५ |
| घर र जमीन नभएका | ७९.५ | ८८.४ | ८१.४ | ७६.२ |
| उल्लेख नभएको | ०.८ | ०.५ | ०.७ | १ |
| कुल | १०० | १०० | १०० | १०० |

*स्रोत: नेपाल जीवनस्तर सर्वेक्षण २०११, केन्द्रीय तथ्याङ्क विभाग*

[६] Annual Household Survey 2016/17, Central Bureau of Statistics, Nepal.

माथिको तालिकाले महिलाको स्थिर सम्पत्ति घर र जमीनमा जम्मा १०.७ प्रतिशित र जमीन मात्रैमा ९ प्रतिशत हिस्सा भएको देखाउँदछ यस्तो हिस्सा तराइमा बस्ने महिलामा बढी र हिमालमा बस्ने महिलामा अत्यन्तै कम देखिन्छ । माथिको तथ्याङ्कले औसतमा ८० प्रतिशत महिलाको स्थायी सम्पत्तिमा स्वामित्व नभएको जनाउँदछ । महिलाहरूको आर्थिक क्रियाकलापहरूमा बढ्दै गएको संलग्नता एवं महिलाहरूको स्वामित्वमा रहेका उद्योगहरूको संख्या (चार्ट ५) ले महिलाको स्थायी सम्पत्तिमा पहुँच बढ्ने संकेत गर्दछ । चार्ट ५ ले आवास तथा भोजन सेवा (३९%), थोकतथा खुद्रा व्यापार, गाडि तथा मोटरसाइकल निर्माण (३१%) र अन्य सेवागत क्रियाकलापहरू (२६.८%) सँग सम्बन्धित उद्योगमा महिलाको स्वामित्व अधिक रहेको देखाउँदछ । यद्यपि २०६८ सालको तुलनामा महिलाको स्थायी सम्पत्तिको स्वामित्वमा पहुँचबारे विश्वसनीय नयाँ तथ्याङ्क भेटिएन ।

**चार्ट ५: महिलाहरूको स्वामित्वमा रहेका उद्योगहरूको संख्या**




*स्रोत: राष्ट्रिय आर्थिक गणना २०७५*

विश्व बैंकले महिला व्यापार र कानूनसम्बन्धी सूचकांक २०२२[७] अनुसार लैंगिक खाडल (Gender Gap)मा १०० अंकमा ८०.६ अंक प्राप्त गरी नेपाल दक्षिण एशियामै अग्रणी स्थानमा आएको तथ्य सार्वजनिक गरेको छ । ये तथ्यले आगामी वर्षहरूमा महिलाको आर्थिक क्रियाकलापमा संलग्नतालाई बढाउदै आत्मनिर्भरताको दिशामा अगाडि बढाउने वातावरण सिर्जना हुँदै गएको आँकलन गर्न सकिन्छ ।

---

७ "*World Bank. 2022. Women, Business and the Law 2022. Washington, DC: World Bank. © World Bank. https://openknowledge.worldbank.org/handle/10986/36945 License: CC BY 3.0 IGO.*"

## २.२ गैरआर्थिक क्रियाकलापमा महिला सहभागिता

पुरुषको तुलनामा घरबाट काम गर्ने महिलाको संख्या लगभग तीन गुणा बढी रहेको तथ्य नेपाल श्रमशक्ति सर्वेक्षण २०७४/७५ ले देखाएको छ। यो तथ्यले गैरआर्थिक क्रियाकलापमा महिलाको संलग्नताको आकार अत्याधिक रहेको पुष्टि गर्नमा मद्दत गर्दछ । महिलाको सामाजिक सेवामा संलग्नता, घरायसी कार्यमा संलग्नता आदिको वास्तविक मौद्रिक मूल्य भन्दा पारिवारिक तथा समाजिक मूल्य बढी हुने हुँदा तुलना गर्न कठीन हुन्छ । यद्यपि घरायसी कामदारको रूपमा काम गर्ने महिलाको संख्या १७.६ प्रतिशत पुगेको तथ्यले घरायसी क्रियाकलाप पनि विस्तारै आर्थिक्र क्रियाकलापको रूपमा रूपान्तरण हुँदै गइरहेको देखिन्छ ।

*परिच्छेद ३*

# *लैङ्गिक उत्तरदायी बजेट तथा महिला सशक्तिकरण कार्यक्रम*

## ३.१ लैङ्गिक उत्तरदायी बजेट

वि.सं. २०३८ सालबाट महिला विकास कार्यक्रमको सुरुवात गरेको नेपाल सरकारले योजनागतरूपमा छैटौ पञ्च वर्षीय योजनामा लैङ्गिक दृष्टिकोण अवलम्बनको सुरुवात गर्नुका साथै नवौं योजना मार्फत् लैङ्गिक समानताको नीति लिदै त्यसपछिका योजनामा लैङ्गिक समानतालाई प्राथमिकता दिदै आएको छ (शर्मा, २०७७)।

नेपाल सरकारले लैङ्गिक समानताको लागि बजेटको सुनिश्चितता, बजेटका सबै प्रक्रियामा लैङ्गिक मूलप्रवाहीकरण र उपलब्धिको समतामूलक वितरणका साथै उपभोगको लागि लैङ्गिक विश्लेषण सहित योजनाबद्धरूपमा उद्देश्यमूलक कार्यक्रमहरू तर्जुमा र प्राथमिकीकरण गर्दै कार्यक्रम छनौट गरी लगानी गर्ने पद्धतिको[८] विकास गर्ने उद्देश्यका साथ आर्थिक वर्ष २०६४/६५ देखि लैंगिक उत्तरदायी बजेटको विनियोजन गर्ने कार्यको सुरुवात गरेको हो। यस कार्यलाई थप प्रभावकारी बनाउन अर्थमन्त्रालयले वि.सं.२०६९ सालमा लैङ्गिक उत्तरदायी बजेट दिग्दर्शन, २०६९ जारी गर्‍यो। साथै स्थानीस्तरमा समेत लैङ्गिक उत्तरदायी बजेट विनियोजन कार्यलाई प्रभावकारी बनाउन लैङ्गिक उत्तरदायी बजेट स्थानीय रणनीति, २०७२ लाई कार्यान्वयनमा ल्याइएको थियो। स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ (परिमार्जित) ले समेत् गाउँपालिका/नगरपालिकाले वार्षिक योजना तथा बजेट तर्जुमा गर्दा लैङ्गिक समानता र सामाजिक समावेशीकरणमा अभिवृद्धि हुने विषयलाई समेत प्राथमिकता दिनुपर्ने उल्लेख गरेको छ। यसैगरी बजेट तर्जुमा दिग्दर्शन, २०७५ (आठौं संस्करण) मार्फत् विभिन्न सूचक, उपसूचक र परीक्षण सूचिहरू तयार गरी लैङ्गिक बजेट तर्जुमाको आधार स्पष्ट पारिएको छ।

यसरी लैङ्गिक उत्तरदायी बजेट मार्फत् महिलाको विकासका लागि पर्याप्त नीतिगत आधार निर्माण भएको वर्तमान परिवेशमा विगत १५ वर्षको लैङ्गिक उत्तरदायी बजेटको प्रवृत्तिलाई तलको तालिका ६ मा देखाइएको छ।

---

[८] लैङ्गिक उत्तरदायी बजेट तर्जुमा दिग्दर्शन, २०६९, अर्थ मन्त्रालय

**तालिका ६ : लैङ्गिक उत्तरदायी बजेट २०६४/६५- २०७७/७८**

| लैंगिक उत्तरदायी बजेट | | | |
|---|---|---|---|
| आर्थिक वर्ष | प्रत्यक्ष उत्तरदायी | अप्रत्यक्ष उत्तरदायी | तटस्थ |
| | प्रतिशत | प्रतिशत | प्रतिशत |
| २०६४/६५ | 11û30 | 33û16 | 55û54 |
| २०६५/६६ | 13û94 | 35û41 | 50û64 |
| २०६६/६७ | 17û30 | 36û43 | 46û27 |
| २०६७/६८ | 17û94 | 36û30 | 45û76 |
| २०६८/६९ | 19û05 | 45û78 | 35û17 |
| २०६९/७० | 21û51 | 44û13 | 34û36 |
| २०७०/७१ | 21û75 | 43û94 | 34û31 |
| २०७१/७२ | 21û93 | 45û04 | 33û03 |
| २०७२/७३ | 22û27 | 47û98 | 29û75 |
| २०७३/७४ | 23û10 | 48û45 | 28û45 |
| २०७४/७५ | 37û42 | 32û66 | 29û92 |
| २०७५/७६ | 33û3 | 39û7 | 27 |
| २०७६/७७ | 33û8 | 47û5 | 18û7 |
| २०७७/७८ | 38û18 | 35û12 | 26û17 |
| २०७८/७९ | 39û78 | 34û04 | 26û18 |

*स्रोत: अर्थ मन्त्रालय*

तालिका ६ ले आर्थिक वर्ष २०७४/७५ सम्म लैङ्गिक बजेट बढेको देखाउँदछ । त्यसपछिका दुई वर्षमा लैङ्गिक बजेटको आकार घटेको भए तापनि आर्थिक वर्ष २०७७/७८ देखि बजेटको आकार बढेको देखिन्छ । लैङ्गिक उत्तरदायी बजेटलाई प्रत्यक्ष उत्तरदायी, अप्रत्यक्ष उत्तरदायी र तटस्थ गरी तीन शिर्षकमा वर्गीकरण गरी बजेट विनियोजनको लैङ्गिक प्रभाव मुल्यांकन आधार सिर्जना गरिएको छ (तालिका ६) । सुरुका १० वर्षहरूमा प्रत्यक्ष उत्तरदायी बजेटको तुलनामा अप्रत्यक्ष उत्तरदायी बजेट र तटस्थ बजेटको हिस्सा अधिक भए तापनि अन्तिम ५ वर्षहरूमा प्रत्यक्ष र अप्रत्यक्ष उत्तरदायी बजेटको हिस्सा अधिक देखिन्छ । साथै आर्थिक वर्ष २०७७/७८ र २०७८/७९ मा प्रत्यक्ष उत्तरदायी बजेटको हिस्सा सबैभन्दा धेरै (३८.१८ प्रतिशत र ३९.७८ प्रतिशत) रहेको छ ।

विगतका ५ वर्षहरूमा औसतमा ३६ प्रतिशत प्रत्यक्ष उत्तरदायी बजेटको विनियोजनले सरकारी बजेटरी कार्यक्रमहरू ५० प्रतिशत भन्दा बढी महिलालाई प्रत्यक्ष लाभ पुग्ने गरी[९] तय गरिएको भन्ने पुष्टि गर्दछ । यस्तै गरी सोही अवधिमा औसतमा ३८ प्रतिशत बजेटरी कार्यक्रमहरू २० प्रतिशत देखि ५० प्रतिशत महिलालाई अप्रत्यक्ष लाभ प्रदान गर्ने गरी र

९ बजेट तर्जुमा दिग्दर्शन, २०७५ (आठौं संस्करण), लैङ्गिक उत्तरदायी बजेट वर्गीकरणको आधार अनुसार

२६ प्रतिशत कार्यक्रमहरू २० प्रतिशत भन्दा कम महिलालाई  लाभ प्रदान गर्ने गरी तय गरिएको देखिन्छ । विगत ५ वर्षदेखि लैङ्गिक दृष्टिकोणले तटस्थ बजेटको आकार घट्दै जानुले बजेट मार्फत् संघ, प्रदेश र स्थानीयस्तरमा लैङ्गिक समानतालाई प्राथमिकता दिने क्रम बढ्दै गइरहेको देखिन्छ ।

**लैङ्गिक उत्तरदायी बजेटको प्रभावकारिता**

लैङ्गिक उत्तरदायी बजेट निर्माणको १५ वर्षे इतिहासमा नेपालमा आवश्यक कानूनी तथा नीतिगत संरचनाको जग बसेको देखिन्छ । राष्ट्रिय योजना, प्रदेशगत याजना एवं गाउँपालिका/नगरपालिकाका आवधिक योजनामा समेत लैङ्गिक उत्तरदायी बजेटलाई प्राथमिकता दिइएको तथ्यबाट लैङ्गिक उत्तरदायी बजेटको सोचको राष्ट्रियकरण भएको पुष्टि हुन्छ । १५ औं योजनाले समेत सबै तहमा लैङ्गिक उत्तरदायी बजेट पद्धति संस्थागत गर्ने रणनीति लिएको छ । यसैको परिणामस्वरूप स्थानीयस्तरमा  गाउँपालिका एवं नगरपालिकाले संघ, प्रदेश र स्थानीय स्वयंको स्रोत परिचालन गरी लैङ्गिक बजेट परीक्षण, लैङ्गिक समानता र सामाजिक समावेशी रणनीतिको तयार गर्ने लगायतका लैङ्गिक समानता प्रवद्धनमा सहयोग पुग्ने खालका विविध क्रियाकलापहरू गरिरहेको देखिन्छ ।

संयुक्त राष्ट्रसंघको नेपाल मानव विकास प्रतिवेदनका अनुसार नेपालको लैङ्गिक विकास सूचकाङ्क ०.९३३ पुगेको छ जुन पन्ध्रौ राष्ट्रिय योजनाको लक्ष्य (०.९६३) नजिक छ । यसको प्रमुख श्रेय लैङ्गिक उत्तरदायी बजेटलाई जान्छ । यद्यपि यतिमै सन्तोष मान्ने अवस्था भने छैन । लैङ्गिक उत्तरदायी बजेटको वर्गीकरण अनुसार अनुमानित र यथार्थ खर्चको विश्लेषण गरी वास्तविकरूपमा कस्ता कार्यक्रमहरूमा बजेट खर्च हुन नसकेको हो सो को अध्ययन हुनु जरूरी देखिन्छ । साथै राष्ट्रिय लैंगिक नीति एवं अन्य महिला हिंसा लगायतका नीतिहरूसँग लैंगिक उत्तरदायी बजेटको तादम्यता कस्तो रहेको छ भन्ने बारेमा पर्याप्त विश्लेषण भएको पाइदैन । अन्तर्राष्ट्रिय लगानी कोषलाई लैंगिक उत्तरदायी बजेट बमोजिम वर्गीकरण गरी दाताका परियोजनाहरूलाई नेपालको लैङ्गिक उत्तरदायी बजेटको मापदण्ड अनुरूप परिचालन गर्नु चुनौतीपूर्ण देखिन्छ । लैङ्गिक बजेट तर्जुमा विधि एवं यसको मूल्यांकन स्थानीय स्तरमा कसरी भइरहेको छ भनी तुलनात्मक अध्ययन गरेका खण्डमा लैङ्गिक बजेटको प्रभावकारिता मापनमा थप सहजता हुने देखिन्छ । साथै स्थानीय एवं प्रदेश स्तरमा भए गरेका अध्ययन प्रतिवेदन र लैंगिक बजेट परीक्षणको विश्लेषणात्मक अध्ययन हुनु जरूरी देखिन्छ ।

## ३.२ महिला सशक्तीकरण कार्यक्रममा सरकारले गर्ने खर्चको विश्लेषण

नेपाल सरकारले महिला विकास तथा सशक्तीकरणमा टेवा पुग्ने गरी राष्ट्रिय लैङ्गिक समानता नीति (२०७७), तथ्याङ्क तथा अभिलेख अद्यावधिक गरी महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको तथ्यांक संकलन तथा अद्यावधिक गर्ने कार्यविधि (२०७७), महिला उद्यमशीलता सहजीकरण केन्द्र सञ्चालन कार्यविधि (२०७७), महिला उद्यमशीलता विकास, वित्तीय पहुँच, टेवा पूँजी र प्रविधि सहयोग कार्यक्रम सञ्चालन कार्यविधि (२०७७), सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि

(२०७५) लगायत अन्य महिला लक्षित नीति, नियम, निर्देशिका तथा कार्यविधिहरू सञ्चालनमा ल्याएको छ । सोही बमोजिम सरकारी खर्चको बाँडफाँड गर्दै आइरहेको छ ।

राष्ट्रिय योजनाले लिएका महिला लक्षित संख्यात्मक लक्ष्य तथा अन्तर्राष्ट्रिय प्रतिवद्धता एवं दीगो विकासका लक्ष्य प्राप्तिमा सहयोग मिल्ने गरी नेपाल सरकारले विगत एक दशक अघि देखि महिला सशक्तीकरण कार्यक्रम अन्र्तगत बजेट विनियोजन गर्दै आइरहेको छ । महिला सशक्तीकरण कार्यक्रममा सरकारले विगतमा गरेको खर्चको प्रवृत्तिलाई तालिका ७ को आधारमा विश्लेषण गर्ने प्रयास गरिएको छ ।

**तालिका ७ : महिला सशक्तीकरण कार्यक्रममा नेपाल सरकारले गरेको खर्च** (रू.लाखमा)

| आर्थिक वर्ष | कुल अनुमानित बजेट | यथार्थ खर्च | अनुमानित खर्चको स्रोत | |
|---|---|---|---|---|
| | | | नेपाल सरकार | वैदेशिक अनुदान |
| २०६६/६७ | २९२.२१ | २,६१.१२ | १६१.७ | १३०.५१ |
| २०६७/६८ | २९२.०६ | २,६०.४० | २६८.७५ | २३.३१ |
| २०६८/६९ | ३,७३.४० | ३,३१.५५ | ३,५७.४० | १६.०० |
| २०६९/७० | २,८२.११ | २,६३.११ | २,८२.११ | - |
| २०७०/७१ | ५,८८.६५ | ५,३५.२६ | ५,८८.६५ | - |
| २०७१/७२ | ५,९०.१३ | ३,८९.८२ | ५,९०.१३ | - |
| २०७२/७३ | ५,६८.७१ | ३,८२.९९ | ५,६८.७१ | - |
| २०७३//७४ | ८,०५.३५ | ८,०९ | ८,०५.३५ | - |
| २०७४/७५ | ११,३८.७७ | ६,७२ | ११,३८.७७ | - |
| २०७५/७६ | ४,०८ | ७,६४ | ४,०८ | - |
| २०७६/७७ | ५,०४ | ३,५८ | ५,०४ | - |
| २०७७/७८ | २५,०० | ८,२३ | २५,०० | - |
| २०७८/७९ | २४,९९ | | २४,९९ | - |


*स्रोत: अर्थ मन्त्रालय, २०७८*

माथिको तालिकामा महिला सशक्तिकरण कार्यक्रम अन्र्तगत विगत १३ वर्षको अनुमानित सरकारी खर्च, यथार्थ खर्च र अनुमानित खर्चको स्रोतका बारेमा प्रकाश पारिएको छ । आर्थिक वर्ष २०६६/६७ देखि २०६८/६९ सम्म अनुमानित खर्चमा वैदेशिक अनुदानको समेत प्रयोग गर्ने सोच राखिएको पाइन्छ । उक्त अनुदान सेवा तथा उत्पादन खर्च अन्तर्गत कार्यक्रम खर्चको लागि प्रयोग गर्ने परिकल्पना गरिएको हो । तर त्यसपछिका वर्षहरूमा महिला सशक्तीकरण कार्यक्रमहरूको सम्पूर्ण खर्चको स्रोत नेपाल सरकारले नै व्यहोर्ने व्यवस्था मिलाएको देखिन्छ ।

आर्थिक वर्ष २०७७/७८ सम्म आइपुग्दा नेपाल सरकारले उल्लेखित शीर्षकमा आर्थिक वर्ष २०६६/६७ को तुलनामा ४ गुणा बढी (रू. ८ करोड २३ लाख) खर्च गरेको छ । आर्थिक वर्ष २०७३/७४ र २०७५/७६ बाहेक अन्य वर्षहरूमा कुल अनुमानित खर्चभन्दा यथार्थ खर्च कम भएको देखिन्छ । उक्त दुई वर्षमा थप बजेट मार्फत् बढी रकम विनियोजन भएको

देखिन्छ । समग्रमा अनुमानित र यथार्थ खर्चमा देखिएको भिन्नताले महिला सशक्तीकरणको सरकारी प्रयासको गति कमजोर रहेको प्रतीत हुन्छ । सरकारको अनुमानित र यथार्थ खर्च बीचको भिन्नतालाई तलको चार्टमा देखाइएको छ ।

**चार्ट ६: अनुमानित खर्च र यथार्थ खर्चको प्रवृत्ति**




*स्रोत: अर्थ मन्त्रालय, २०७८*

माथिको चार्ट ६ ले आर्थिक वर्ष २०६९/७० अनुमानित खर्चको तुलनामा यथार्थ खर्चमा कमी न्यूनतम रू. १९ लाख र आर्थिक वर्ष २०७७/७८ मा अधिकतम रू. १६ करोड देखिन्छ । कोभिड-१९ संक्रमणका कारण आर्थिक वर्ष २०७७/७८ मा अनुमानित खर्चको तुलनामा यथार्थ खर्च धेरै  नभएको देखिन्छ । वि.स. २०७४ सालमा स्थानीय सरकारको पुर्नवहाली तथा प्रदेश सरकारको संरचना निर्माण पश्चात् महिला सशक्तीकरण कार्यक्रमलाई स्थानीयकरण गर्ने सोचका साथ बजेट विनियोजन भए तापनि प्रदेश तथा स्थानीयस्तरमा आशातीतरूपमा विनियोजित रकम खर्च हुन नसकेको अध्ययनका क्रममा भेटियो । एकीकृत तथ्यांक निर्माण कार्य सबै प्रदेशमा सम्पन्न भइ नसकेको तथा संघ, प्रदेश र स्थानीय निकायबीचमा वार्षिक कार्यक्रमहरूको उपलब्धि समस्या र चुनौतीहरूको सम्बन्धमा नियमित समिक्षा नभएको पाइएको छ (राष्ट्रिय आर्थिक सरोकार समाज, नेपाल, २०७७) । वर्तमान परिस्थितिमा महिला सशक्तीकरण कार्यक्रम अन्तर्गत गरिने खर्चको प्रभावकारिताको यथार्थ मूल्याङ्कन गर्न कठिन देखिन्छ ।

हाल प्रदेशहरूमा प्रदेश सरकार सामाजिक विकास मन्त्रालय अन्तर्गत सामाजिक विकास महाशाखा मार्फत् लैङ्गिक सशक्तीकरण तथा मूल प्रवाहीकरण कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाइएको छ । विगत ५ वर्षदेखि राष्ट्रपति महिला उत्थान कार्यक्रम अन्तर्गत प्रदेशको प्राथमिकता एवं आवश्यकता बमोजिम महिला उद्यमी र महिला उद्यमी समूहहरूलाई स्थानीय तहको सिफारिसमा प्रविधि अनुदान सहयोग लगायतका अन्य महिला विकासका कार्यक्रममा सहयोग दिने गरेको अध्ययनले देखाउँछ । यसरी संघ, प्रदेश र स्थानीय सरकार मार्फत् सम्पन्न महिला सशक्तीकरण कार्यक्रमले महिलामा वास्तविक

रूपमा कस्तो प्रभाव पारेको छ भनी यकीन गर्न कठीन देखिन्छ । उदाहरणका लागि सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदान कार्यक्रम अन्तर्गत स्वीकृत कर्जा अन्तर्गत महिला उद्यमशील कर्जाको हिस्सा दोस्रो स्थानमा (२१ प्रतिशत) रहेको छ (नेपाल राष्ट्र बैंक, २०७८) । तर उक्त कर्जा प्रवाहबाट महिलाको आर्थिक तथा व्यवसायिक क्षमताको विकासमा कस्तो प्रभाव परेको छ भन्नेबारे तथ्यपरक जानकारी पाइदैन । त्यसैले विनियोजित बजेट अनुसार उपलब्धि हासिल भएको छ भन्ने सान्दर्भिक आधार भेटिदैन ।

राष्ट्रिय योजना आयोगले पन्ध्रौ योजना मार्फत् लैङ्गिक समानतामूलक राष्ट्रको परिकल्पना गरेको छ । सोही बमोजिम लैङ्गिक विकास सूचकाङ्क वि.स. २०८०/८१ सम्म ०.९६३ र लैङ्गिक सशक्तिकरण सूचकाङ्क ०.६४ पुऱ्याउने परिमाणात्मक लक्ष्य लिएको छ । उक्त लक्ष्य प्राप्तिका लागि लैङ्गिक बजेटको सदुपयोग एवं महिला सशक्तिकरण कार्यक्रमको प्रभावकारी कार्यान्वयन हुनु जरूरी देखिन्छ । महिला र पुरूषको आवश्यकता अनुरूप कार्यक्रम र बजेट विनियोजन गर्न लैङ्गिक उत्तरदायी बजेटलाई सशक्त माध्यमका रूपमा लिइएको (बजेट दिग्दर्शन, २०७५) भए तापनि लक्षित वर्गको वास्तविक विकास भएको छ त भन्ने जिज्ञासा विद्यमान नै छ ।

*परिच्छेद ४*

# कुल गार्हस्थ्य उत्पादनमा महिलाले पुर्याएको योगदान

## ४.१ क्षेत्रीय तथा अन्तर्राष्ट्रिय अभ्यास

देशको समग्र आर्थिक विकासका गतिविधिहरूको मापन तथा मूल्यांकन गर्न व्यापकरूपमा प्रयोग गरिने समष्टिगत आर्थिक सूचककोरूपमा जिडिपि लाई लिने गरिन्छ । राष्ट्रिय लेखा प्रणालीले निर्धारण गरेको मापदण्डको आधारमा विश्वभर जिडिपिको गणना गरिन्छ । विश्वभर समष्टिगत आर्थिक सूचकहरूमा एकरूपता ल्याउनका लागि तत्कालीन लिग अफ नेशन्स र तत्पश्चात् गठित संयुक्त राष्ट्रसंघले प्रयास गर्दै आएको छ (मल्ल, २०१७)। सन् १९५३ मा संयुक्त राष्ट्र संघ स्टाटिस्टिकल कमिसनले सबै देशले प्रयोग गर्न मिल्ने गरी राष्ट्रिय लेखा प्रणाली (System of National Accounts) प्रकाशन गर्‍यो । सन् १९६० र १९६४ मा दुईपटक राष्ट्रिय लेखा प्रणालीको परिमार्जन गरियो । यस्तैगरी सन् १९६८, १९९३ र २००८ मा नयाँ मापदण्डहरू समावेश गरी राष्ट्रिय लेखा प्रणालीको परिमार्जन गरियो । वर्तमान समयमा धेरैजसो देशले SNA २००८ को प्रयोग गरी समष्टिगत चरहरूको गणना गरिरहेका छन् ।

SNA २००८ को मस्यौदा तयार भएसँगै भुक्तान नगरिएको घरायसी सेवालाई गणना गर्ने विधिका बारेमा धेरै प्रगति हासिल भएको छ ।[१०] महिलाको रोजगारीदरमा भएको वृद्धिसँगै नियमितरूपमा महिलाले घरायसी कार्यलाई छुट्टयाएको समय र भुक्तान नगरिएको घरायसी सेवाको निरन्तररूपमा गणना गरिएमा कुल गार्हस्थ्य उत्पादनको अधिक मूल्यांकन हुने सम्भावना देखिन्छ । SNA २००८ मा कुल गार्हस्थ्य उत्पादनमा महिलाको योगदान गणना गर्ने औपचारिक विधि उल्लेख नगरिएको भए तापनि महिलासँग सम्बन्धित क्रियाकलापहरूको मौद्रिक मूल्यमा मापन गर्ने मापदण्डहरू विस्तारै समावेश गर्दै लगिएको छ । अध्ययनका क्रममा विभिन्न संस्था र अनुसन्धानकर्ताले कुल गार्हस्थ्य उत्पादनमा वा अर्थतन्त्रमा महिलाको योगदान गणना गर्न निम्नानुसारको विधिहरू प्रयोग गरेको पाइयो ।

### १. प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादनको गणना

श्रम बजारमा कामदारको प्रवेशले जिडिपिमा कस्तो प्रभाव पार्दछ भन्ने अध्ययन गर्न यो विधिको प्रयोग गरिएको छ ।[११] यो विधि अनुसार निम्न सुत्रको प्रयोग गरी प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन (वा प्रति महिला कुल गार्हस्थ्य उत्पादन) गणना गरिन्छ ।

---

[१०] 14th Meeting of the Advisory Expert Group on National Accounts, 5-9 October 2020, Virtual Meeting (SNA/M1.20/6.7)

[११] Empowering the Third Billion Women and the World of Work in 2012, booz&co.

प्रतिव्यक्ति जिडिपि = (जिडिपि/काम गरेको समय)×(काम गरेको समय/रोजगारी) × (रोजगारी/काम गर्ने उमेर समूहको जनसंख्या) ×

(काम गर्ने उमेर समूहको जनसंख्या/जनसंख्या)

**Per capita GDP = GDP/H x H/E x E/WAP x WAP/P**

Where,

GDP/H = GDP/hour worked (labor productivity)

H/E = hour worked/employment (annual average in working hour per employed person)

E/WAP = employment/working-age population (15–64) (employment rate)

WAP/P = working-age population/population ("youth dividend")

**Source:** Empowering the Third Billion Women and the World of Work in 2012, booz&co., Page 18

माथिको सूत्र अनुसार महिला श्रमिकको उत्पादकत्व, प्रति हप्ता/प्रति दिन काम गरेको समयावधि, महिला रोजगारी, काम गर्न योग्य जनसंख्याको जानकारीका आधारमा अर्थतन्त्रमा महिलाको योगदान निकाल्न सकिन्छ भन्ने कुराको पुष्टि हुन्छ। यसैका आधारमा १७ वटा देशको महिला कामदारको कुल र खुद जिडिपिमा योगदानको अनुमान गरिएको छ (परिच्छेद २: तालिका १)। यस्तो योगदान न्यूनतम २ प्रतिशत देखि अधिकतम २७ प्रतिशत खुद जिडिपिमा र न्यूनतम ३ प्रतिशतदेखि अधिकतम ५६ प्रतिशतसम्म अनुमान गरिएको छ।

यस्तै गरी काम गर्न योग्य जनसंख्या, श्रम सहभागिता दर, रोजगारीको दर, श्रमको उत्पादकत्वको प्रयोग गरी McKinsey Global Institute[१२] ले पनि जिडिपिको गणना गरेको छ। अन्तर्राष्ट्रिय अभ्यासमा श्रम र श्रमिकको पक्षबाट जिडिपि योगदानको गणना गरिएको हुँदा यस्तो विधिलाई सप्लाइ साइड (supply side) मोडेल पनि भन्ने गरेको पाइन्छ।

## २. अक्सफाम (Oxfam) विधि

यो विधि अनुसार महिलाले घरायसी काममा बिताउने समय (घण्टा)को कुल रकम (मूल्य) गणना गरी न्यूनतम ज्यालाले गुणन गरी बेतलबी कामको मूल्यको गणना गरिन्छ।[१३] मुद्रास्फीति समायोजन गर्न बेतलबी कामको मूल्यलाई उपभोक्ता मूल्य सूचकाङ्कले भाग गरिन्छ। यो विधिको प्रयोग गर्दा सन् २०१८ मा बेतलबी अमेरिकी महिला कामदारको

१२ The power of parity: how advancing women's equality can add $12 trillion to global growth, McKinsey & Company 2015.

१३ https://fredblog.stlouisfed.org/2020/03/calculating-the-value-of-womens-unpaid-work/

**Calculating the value of women's unpaid labor**

- Take the number of women above age 16 and multiply by 26.7 hours, which is, according to the Bureau of Labor Statistics, the average number of hours per week women spend on unpaid household work.
- Multiply this weekly value by 52, the number of weeks in a year.
- Multiply the result by the federal minimum wage.
- Divide this annual dollar amount by the consumer price index to adjust for inflation.

योगदान न्युयोर्क राज्यको जिडिपिको ८६ प्रतिशत बराबर पाइयो । महिलाको योगदान मापनको यो प्रक्रियालाई माथिको बाकसमा देखाइएको छ ।

## ३. प्राज्ञिक अनुसन्धान अभ्यास

विभिन्न देशका अनुसन्धानकर्ताले कुल गार्हस्थ्य उत्पादनमा महिलाले पुऱ्याएको योगदान अनुमान गर्न प्रयोग गरेका पद्धतिलाई तलको तालिका ८ मा संक्षिप्तमा प्रस्तुत गरिएको छ ।

**तालिका: ८ कुल गार्हस्थ्य उत्पादनमा महिलाले पुऱ्याएको योगदान अनुमान पद्धति**

| क्षेत्रीय तथा अन्तराष्ट्रिय अभ्यास | | | | | |
|---|---|---|---|---|---|
| **क्र. सं.** | **देश/ अनुसन्धानकर्ता** | **अध्ययन गरिएको वर्ष (सन्)** | **पद्धति** | **महिलाको योगदान (%)** | **कैफियत** |
| १ | रोमानिया (SCURTU & MOROSAN, 2019) | २०१२,२०१३,२०१५,२०१६ | कृषि, उद्योग तथा निर्माण र सेवा क्षेत्रको कुल मूल्य अभिवृद्धि मा शैक्षिक उपाधि अनुसार महिला कामदार संख्याको योगदानको गणना | ४२.७८, ४३.०७, ४३.०४, ३८.०५ | महिला र पुरूषको उत्पादकत्व समान हुन्छ भन्ने मान्यतामा आधारित |
| २. | भारत (Kulshrestha, 2016) | १९९९-२००० र २००४-२००५ | औद्योगिक क्षेत्रगत वर्गीकरण अनुसार महिलाको हिस्साको गणना गरी खुद गाहर्स्थ उत्पादनमा महिलाको योगदानको गणना | २१.५, २२.१ | |
| ३ | भारत ( Raveendran, 2010) | २००४-२००५ | औद्योगिक क्षेत्रगत वर्गीकरण अनुसार महिलाको हिस्साको गणना गरी कुल गाहर्स्थ उत्पादनमा महिलाको योगदानको गणना | १९.८ | क्षेत्रगत कुल मूल्य अभिवृद्धिको तथ्यांकको प्रयोग |
| ४ | भारत (Mehata & Pratap, 2017) | २०११-२०१२ | औद्योगिक क्षेत्रगत वर्गीकरण अनुसार कुल मूल्य अभिवृद्धिमा महिलाको हिस्साको गणना गरी महिलाको जिडिपिमा योगदानको गणना | १९.५५ | ग्रामीण क्षेत्रको स्थलगत सर्वे गरी श्रमिक जनसंख्या अनुपातको समेत गणना गरी स्थलगत सर्वेका आधारमा महिलाको योगदान ३७.०४ र ३४.६८ अनुमान गरिएको |

## ४.२ नेपालको सन्दर्भमा उपयुक्त विधि

सुरुका दिनहरूमा परम्परागत केन्द्रीकृत प्रणालीबाट नेपालको तथ्याङ्क प्रणाली स्थापित भएको भए तापनि हाल नेपालको संविधानले स्पष्ट रूपमा संघ, प्रदेश र स्थानीय तहको अधिकार सूचीमा छुट्टाछुट्टै तथ्याङ्कीय क्रियाकलापको जिम्मेवारी प्रदान गरे बमोजिम विकेन्द्रिकृत रूपमा तथ्याङ्कीय गतिविधिहरू तेर्सो (Horizontal) र ठाडो (Vertical) प्रणाली दुवै किसिमले सञ्चालनमा रहेका छन् ।[१४] नेपालमा राष्ट्रिय लेखाको तयारी र सम्बन्धित सूचकको अनुमान तयार गर्ने कार्य आर्थिक वर्ष २०१८/१९ सालदेखि प्रारम्भ भएको पाइन्छ ।[१५]सोही बमोजिम आर्थिक वर्ष २०१८/१९ मा केन्द्रीय तथ्याङ्क विभागले प्रथम पटक कुल गार्हस्थ्य उत्पादनको अनुमान गरेको थियो र आर्थिक वर्ष २०२१/२२ देखि निरन्तर रूपमा कुल गार्हस्थ्य उत्पादनको अनुमान गर्दै आइरहेको छ ।[१६] विभागले उत्पादन विधि र व्यय विधिको प्रयोग गरी प्रचलित र स्थिर मूल्यमा कुल गार्हस्थ्य उत्पादनको गणना गर्दै आइरहेको छ । अर्थात् नेपालमा आय विधिद्वारा जिडिपि को गणना गर्न सकिएको छैन ।

नेपालमा आर्थिक वर्ष २०७७/७८ देखि मात्रै राष्ट्रिय लेखा तथ्याङ्क ''राष्ट्रिय लेखा प्रणाली, २००८'' मा आधारित रही तयार तयार गर्न सुरु गरिएको हो । यस अघिका लेखा तथ्याङ्क राष्ट्रिय लेखा प्रणाली १९९३ मा आधारित थिए । साथै वर्तमानमा आर्थिक वर्ष २०६७/६८ लाई नयाँ आधार वर्ष मानी समष्टिगत चरहरूको गणना गर्ने गरिन्छ ।

कुल गार्हस्थ्य उत्पादन चरलाई विषयगत एवं क्षेत्रगत योगदान तथा अन्य आर्थिक चरहरूको प्रवृत्ति विश्लेषण गर्नमा प्रयोग गरिदै आइएको छ । कुल गार्हस्थ्य उत्पादन विभिन्न औद्योगिक क्षेत्रमा कार्यरत श्रमिकको प्रतिफल हो भन्दा अत्युक्ति नहोला । यसर्थ हरेक क्षेत्रमा कार्यरत महिला तथा पुरूष श्रमिकको योगदानबाट सिर्जित कुल उत्पादनको गणना नै कुल गार्हस्थ्य उत्पादन हो । यस परिवेशमा यो अध्ययनले कुल गार्हस्थ्य उत्पादनमा महिलाको योगदान कति रहेछ भन्ने जिज्ञाशाको समाधान गर्ने प्रयास गरेको छ ।

## ४.३ नेपालको कुल गार्हस्थ्य उत्पादनमा महिलाले पुऱ्याएको योगदान

प्रत्यक्षरूपमा कुल उत्पादन तथा कुल खर्च विधिको प्रयोग गरी कुल गार्हस्थ्य उत्पादनमा महिलाको योगदान अनुमान गर्न व्यवहारिकरूपमा त्यति सम्भव देखिदैन । तर कुल आय विधिबाट लिंग (sex) अनुसार कामदारको संख्या र ज्यालामा भिन्नताबारेमा तथ्यांक उपलब्ध भएमा गार्हस्थ्य उत्पादनमा महिलाको योगदानबारे  अनुमान गर्न सकिन्छ । केन्द्रीय तथ्यांक विभागबाट क्षेत्रगत ज्याला भिन्नता तथा कामदारको संख्याको नेपाल श्रम शक्ति सर्वेक्षण र आर्थिक गणनामा उल्लेख गरिएको छ । तर उक्त तथ्याङ्कको प्रयोगबाट भरपर्दो र विश्वसनीय नतिजा नआएकोले आय विधिबाट कुल गाहर्स्थ उत्पादनमा महिलाको योगदान गणना गर्न सकिएन । तसर्थ कुलश्रेष्ठ र सिंह (१९९६) , कुलश्रेष्ठ (२०१६) र स्कुर्तु र मोरोसन (२०१९) ले प्रयोग गर्नुभएको विधिको आधारमा नेपालको कुल गाहर्स्थ

[१४] तथ्याङ्कीय साक्षरता, राष्ट्रिय योजना आयोग, २०७९

[१५] तथ्याङ्क प्रणाली विकासको लागि राष्ट्रिय रणनीति २०७५

[१६] नेपालमा आधिकारिक तथ्याङ्क प्रणाली तथा विधि, केन्द्रीय तथ्याङ्क विभाग, २०६६, पृष्ठ १९२

उत्पादनमा महिलाको योगदानको अनुमान गरिएको छ । अनुमान प्रक्रियालाई तथ्याङ्क सहित तल उल्लेख गरिएको छ ।

**चरण १: औद्योगिक वर्गीकरण अनुसार १८ वटा उद्योगको कुल मूल्य अभिवृद्धिको अनुमान**

औद्योगिक वर्गीकरण अनुसारको कुल मूल्य अभिवृद्धिलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ९: औद्योगिक वर्गीकरण अनुसार कुल मूल्य अभिवृद्धि**

प्रचलित मूल्यमा रू.करोडमा

| क.सं. | औद्योगिक वर्गीकरण | २०७४/७५ |
|---|---|---|
| १ | कृषि, वन र मत्स्यपालन | ७७१८७ |
| २ | खानी तथा उत्खनन् | १८४५ |
| ३ | उत्पादनमूलक उद्योग | १६९५७ |
| ४ | विद्युत, ग्यास, वाष्प, तथा वातानुकलित आपूर्ति सेवा | ३०९८ |
| ५ | पानी आपूर्ति, ढल, फोहोर व्यवस्थापन तथा पुनःउत्पादनका क्रियाकलापहरू | १९४९ |
| ६ | निर्माण | २१७७२ |
| ७ | थोक तथा खुद्रा व्यापार, गाडि तथा मोटरसाइकल मर्मत सेवा | ४७३६५ |
| ८ | यातायात तथा भण्डारण | १९७८७ |
| ९ | आवास तथा भोजन सेवा | ६७३२ |
| १० | सूचना तथा संचार | ७०२८ |
| ११ | वित्तीय तथा वीमा क्रियाकलापहरू | १८६६६ |
| १२ | घरजग्गा कारोवारको सेवा | २६४३८ |
| १३ | पेशागत वैज्ञानिक तथा प्राविधिक क्रियाकलापहरू | २९७८ |
| १४ | प्रशासनिक तथा सहयोगी सेवाका क्रियाकलापहरू | १९७० |
| १५ | सार्वजनिक प्रशासन, रक्षा र अत्यावश्यक सामाजिक सुरक्षा | १९३६६ |
| १६ | शिक्षा | २१९५४ |
| १७ | मानव स्वास्थ्य तथा सामाजिक कार्य | ४४०६ |
| १८ | अन्य सेवाका क्रियाकलापहरू | १६०५ |
| | कुल मूल्य अभिवृद्धि/कुल गार्हस्थ्य उत्पादन (आधारभूत मूल्यमा) | **३०११०२** |

*स्रोत: केन्द्रीय तथ्याङ्क विभाग, २०७९*

**चरण २: औद्योगिक वर्गीकरण अनुसार १८ वटा उद्योगमा महिला र पुरुषको हिस्साको अनुमान**

नेपाल श्रमशक्ति सर्वेक्षण तेस्रो (२०७४/७५) ले औद्योगिक वर्गीकरण अनुसार २१ वटा उद्योगमा महिला र पुरूषको संलग्नता (रोजगारी) र हिस्साको गणना गरेको छ । ती २१ वटा समूहलाई १८ वटा औद्योगिक समूहसँग तुलना गरी १८ वटा उद्योग अनुसार तलको तालिका १० मा देखाएजस्तै प्रतिशत हिस्सा गणना गरिएको छ । विश्वसनीयता अभिवृद्धिका लागि औपचारिक र अनौपचारिक दुवै क्षेत्रको रोजगारीलाई समावेश गरिएको छ ।

**तालिका १०: औद्योगिक वर्गीकरण अनुसार महिला र पुरूषको रोजगारीमा हिस्सा (प्रतिशत)**

| क्र.सं. | औद्योगिक वर्गीकरण अनुसार रोजगारी | पुरुष | महिला |
|---|---|---|---|
| १ | कृषि, वन र मत्स्यपालन | ४२.८१ | ५७.१९ |
| २ | खानी तथा उत्खनन् | ७२.८८ | २७.१२ |
| ३ | उत्पादनमूलक उद्योग | ६७.०७ | ३२.९३ |
| ४ | विद्युत, ग्यास, वाष्प, तथा वातानुकलित आपूर्ति सेवा | ७९.४१ | २०.५९ |
| ५ | पानी आपूर्ति, ढल, फोहोर व्यवस्थापन तथा पुनःउत्पादनका क्रियाकलापहरू | ८०.९५ | २१.४३ |
| ६ | निर्माण | ८८.६५ | ११.३५ |
| ७ | थोक तथा खुद्रा व्यापार, गाडि तथा मोटरसाइकल मर्मत सेवा | ५६.०५ | ४३.९५ |
| ८ | यातायात तथा भण्डारण | ९७.८३ | २.१७ |
| ९ | आवास तथा भोजन सेवा | ५४.९९ | ४५.०१ |
| १० | सूचना तथा संचार | ८०.०० | २१.६७ |
| ११ | वित्तीय तथा वीमा क्रियाकलापहरू | ५३.३९ | ४६.६१ |
| १२ | घरजग्गा कारोवारको सेवा | ८२.३५ | १७.६५ |
| १३ | पेशागत वैज्ञानिक तथा प्राविधिक क्रियाकलापहरू | ७९.५५ | २०.४५ |
| १४ | प्रशासनिक तथा सहयोगी सेवाका क्रियाकलापहरू | ८९.०६ | १०.९४ |
| १५ | सार्वजनिक प्रशासन, रक्षा र अत्यावश्यक सामाजिक सुरक्षा | ७८.९५ | २१.८० |
| १६ | शिक्षा | ५४.४८ | ४५.५२ |
| १७ | मानव स्वास्थ्य तथा सामाजिक कार्य | ४५.६१ | ५३.८० |
| १८ | अन्य सेवाका क्रियाकलापहरू | ७८.४२ | २१.५८ |

*स्रोत: नेपाल श्रमशक्ति सर्वेक्षण (२०७४/२०७५)*

**चरण ३: कुल गार्हस्थ्य उत्पादनमा महिलाको योगदानको अनुमान**

औद्योगिक वर्गीकरण अनुसार औपचारिक तथा अनौपचारिक क्षेत्रमा महिला रोजगारीको हिस्साका आधारमा तलको तालिका ११ मा देखाएजस्तै कुल गार्हस्थ्य उत्पादनमा महिलाको योगदानको अनुमान गरिएको छ।

तालिका ११ अनुसार नेपालको कुल गार्हस्थ्य उत्पादनमा महिलाको योगदान आर्थिक वर्ष २०७४/७५ मा ३६.७६ प्रतिशत देखियो । सोही विधिबाट २०७४/७५ कै महिला रोजगारीका आधारमा गणना गर्दा आर्थिक वर्ष २०७५/७६ मा नेपालको कुल गार्हस्थ्य उत्पादनमा महिलाको योगदान ४०.७७ प्रतिशत (अनुसूची ४) पाइयो । औपचारिक र अनौपचारिक दुवै क्षेत्रमा कार्यरत महिलाको योगदान गणना गरिएको हुँदा यो थप विश्वसनीय देखिन्छ।

**तालिका ११: औद्योगिक वर्गीकरण अनुसार कुल मूल्य अभिवृद्धिमा महिलाको योगदान**

| क.सं. | **औद्योगिक वर्गीकरण** | कुल मूल्य अभिवृद्धि २०७४/७५ (रू. करोडमा) | प्रत्येक क्रियाकलापमा महिलाको हिस्सा (%) | कुल मूल्य अभिवृद्धिमा महिलाको योगदान (रू. करोडमा) |
|---|---|---|---|---|
| १ | कृषि, वन र मत्स्यपालन | ७७१८७ | ५७.१९ | ४४१४३.०६ |
| २ | खानी तथा उत्खनन् | १८४५ | २७.१२ | ५००.३४ |
| ३ | उत्पादनमूलक उद्योग | १६९५७ | ३२.९३ | ५५८३.७९ |
| ४ | विद्युत, ग्यास, वाष्प, तथा वातानुकलित आपूर्ति सेवा | ३०९८ | २०.५९ | ६३७.८२ |
| ५ | पानी आपूर्ति, ढल, फोहोर व्यवस्थापन तथा पुनःउत्पादनका क्रियाकलापहरू | १९४९ | २१.४३ | ४१७.६४ |
| ६ | निर्माण | २१७७२ | ११.३५ | २४७१.०६ |
| ७ | थोक तथा खुद्रा व्यापार, गाडि तथा मोटरसाइकल मर्मत सेवा | ४७३६५ | ४३.९५ | २०८१७.६८ |
| ८ | यातायात तथा भण्डारण | १९७८७ | २.१७ | ४३०.१५ |
| ९ | आवास तथा भोजन सेवा | ६७३२ | ४५.०१ | ३०३०.३१ |
| १० | सूचना तथा संचार | ७०२८ | २१.६७ | १५२२.७३ |
| ११ | वित्तीय तथा वीमा क्रियाकलापहरू | १८६६६ | ४६.६१ | ८७००.२५ |
| १२ | घरजग्गा कारोवारको सेवा | २६४३८ | १७.६५ | ४६६५.५३ |
| १३ | पेशागत वैज्ञानिक तथा प्राविधिक क्रियाकलापहरू | २९७८ | २०.४५ | ६०९.१४ |
| १४ | प्रशासनिक तथा सहयोगी सेवाका क्रियाकलापहरू | १९७० | १०.९४ | २१५.४७ |
| १५ | सार्वजनिक प्रशासन, रक्षा र अत्यावश्यक सामाजिक सुरक्षा | १९३६६ | २१.८० | ४२२२.६६ |
| १६ | शिक्षा | २१९५४ | ४५.५२ | ९९९३.४० |
| १७ | मानव स्वास्थ्य तथा सामाजिक कार्य | ४४०६ | ५३.८० | २३७०.४८ |
| १८ | अन्य सेवाका क्रियाकलापहरू | १६०५ | २१.५८ | ३४६.३४ |
| | कुल | **३०११०३** | | **११०६७८** |
| | **कुल गार्हस्थ्य उत्पादनमा महिलाको हिस्सा** | | | **३६.७६** |

आर्थिक गणना २०७५ को औद्योगिक वर्गीकरण अनुसार महिला रोजगारीको हिस्साका आधारमा २०७४/७५ को कुल गार्हस्थ्य उत्पादनमा महिलाको योगदान ३३.५० प्रतिशत (अनुसूची ५) पाइयो । नेपाल श्रम शक्ति सर्वेक्षण २००८ को तथ्याङ्क र सन् २००७/०८ को

कुल गार्हस्थ्य उत्पादन प्रयोग गरी माथि उल्लेखित विधि प्रयोग गर्दा महिलाको कुल गार्हस्थ्य उत्पादनमा योगदान ३६.८८ प्रतिशत पाइयो (अनुसूची ६)।

**प्रदेशस्तरीय कुल गार्हस्थ्य उत्पादनमा महिलाको योगदान**

केन्द्रीय तथ्याङ्क विभागले प्रदेशस्तरीय कुल गार्हस्थ्य उत्पादनको प्रकाशन आर्थिक वर्ष २०७५/७६ देखि गर्न थालेकोले नेपाल श्रमशक्ति सर्वेक्षण तेस्रो २०७४/७५ कै औद्योगिक वर्गीकरण अनुसारको प्रदेशगत महिला रोजगारी र प्रदेशगत कुल मूल्य अभिवृद्धिका आधारमा प्रदेशस्तरीय कुल गार्हस्थ्य उत्पादनमा महिलाको योगदान गणना गर्न सकिने भए तापनि औद्योगिक वर्गीकरण अनुसार लैङ्गिक तथ्याङ्क नेपाल श्रमशक्ति सर्वेक्षण तेस्रो २०७४/७५ र आर्थिक गणना २०७५ मा नपाइएकोले प्रदेशस्तरीय कुल गार्हस्थ्य उत्पादनमा महिलाको योगदान गणना गर्न समस्या देखियो। यद्यपि औद्योगिक वर्गीकरण अनुसार प्राप्त समग्र महिला रोजगारी हिस्साको आधारमा आर्थिक वर्ष २०७५/७६ को तथ्यांकबाट प्रदेशगत रूपमा राष्ट्रिय कुल गार्हस्थ्य योगदानमा महिलाको योगदान मापन गरिएको छ। यसलाई तलको तालिका १२ मा देखाइएको छ।

**तालिका १२: राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनमा प्रदेशगत महिलाको योगदान**

| प्रदेश | प्रदेशगत जिडिपि २०७५/७६ (रू. लाखमा) | राष्ट्रिय जिडिपिमा प्रदेशगत जिडिपिको योगदान (%) | राष्ट्रिय जिडिपिमा प्रदेशगत महिलाको हिस्सा (रू. लाखमा) | राष्ट्रिय जिडिपिमा प्रदेशगत महिलाको योगदान (प्रतिशत) |
|---|---|---|---|---|
| प्रदेश १ | ५२८४९५ | १५.८१ | २१५५२०.३९ | ६.४५ |
| मधेश प्रदेश | ४४४५४६ | १३.३० | १८१२८५.७५ | ५.४२ |
| बागमती प्रदेश | १२३७८५० | ३७.०३ | ५०४७९५.४३ | १५.१० |
| गण्डकी प्रदेश | २९६३२३ | ८.८७ | १२०८४०.४२ | ३.६२ |
| लुम्बिनी प्रदेश | ४७२८५६ | १४.१५ | १९२८३०.६० | ५.७७ |
| कर्णाली प्रदेश | १३२९७९ | ३.९८ | ५४२२८.९६ | १.६२ |
| सुदूरपश्चिम प्रदेश | २२९४३२ | ६.८६ | ९३५६२.१८ | २.८० |
| कुल | ३३४२४८१ | १०० | १३६३०६३.७३ | ४०.७८ |

*स्रोत: केन्द्रीय तथ्याङ्क विभागको वेवसाइट*

माथिको तालिका १२ अनुसार सन् २०७५/७६ मा राष्ट्रिय जिडिपिमा वागमती प्रदेश, प्रदेश १ र लम्बिनी प्रदेशको योगदान बढी देखिन्छ। राष्ट्रिय जिडिपिमा प्रदेशगत महिलाको योगदान लुम्बिनी प्रदेशमा सबैभन्दा बढी (१५.१० प्रतिशत) र सबैभन्दा कम कर्णाली प्रदेशमा (१.६२ प्रतिशत) पाइयो। प्रदेश १, लुम्बिनी प्रदेश, मधेश प्रदेशका महिलाको योगदान क्रमश: ६.४५, ५.७७ र ५.४२ प्रतिशत पाइयो। गण्डकी र सुदूरपश्चिम प्रदेशका महिलाको योगदान क्रमश: ३.६२ प्रतिशत र २.८० प्रतिशत पाइयो।

*परिच्छेद ५*

# निष्कर्ष तथा सुझाब

## निष्कर्ष

नेपालको पन„ौ योजना (२०७६/७७-२०८०/८१) ले महिलाको समान तथा अर्थपूर्ण सहभागिता सहित सारभूत समानता कायम गर्ने लक्ष्य लिई लैङ्गिक समानता तथा महिला सशक्तीकरणका क्षेत्रमा अनुमान गरिएको अपेक्षित उपलब्धि हासिल गर्न समष्टिगत लैङ्गिक तथ्याङ्कलाई थप परिष्कृत गर्दै लैजान सहयोग पुऱ्याउने उद्देश्यले नेपालको कुल गार्हस्थ्य उत्पादनमा महिलाले पुऱ्याएको योगदानको अनुमान गर्नका लागि यो अध्ययन गरिएको हो । अध्ययनका क्रममा पाइएको तथ्यलाई साररुपमा शीर्षकगतरुपमा तल उल्लेख गरिएको छ ।

### आर्थिक तथा गैरआर्थिक क्रियाकलापमा महिला सहभागिता

अध्ययनका क्रममा २००९/११ देखि सन् २०६८ सम्म नेपालमा आर्थिकरूपले सक्रीय जनसंख्यामा महिलाको हिस्सा औसतमा जम्मा ३९ प्रतिशत मात्रै रहेको पाइयो । नेपाल श्रम शक्ति सर्वेक्षण (सन् २०७४/७५) का अनुसार कुल काम गर्न योग्य जनसंख्यामा महिलाको हिस्सा ५६ प्रतिशत रहेको छ । काम गर्न योग्य जनसंख्यामा महिलाको हिस्सा प्रदेश ३ मा सर्वाधिक (२३.४५ प्रतिशत) तथा सुदूरपश्चिम प्रदेशमा सबैभन्दा न्यून (९.०८ प्रतिशत) रहेको छ ।

नेपालमा सरकारी तथा निजी क्षेत्रको प्रयास स्वरूप औपचारिक तथा अनौपचारिक क्षेत्रमा महिला रोजगारीको हिस्सा सन् २०७४/२०७५ मा क्रमशः ३३.५ र ६६.५ प्रतिशत पुगेको छ । निजी घरायसी क्षेत्रमा महिला रोजगारी पुरूषको तुलनामा तेब्बर छ । अधिकांश महिलाहरू आवास तथा भोजन सेवासँग सम्बन्धित उद्योग (४०.३% प्रतिशत) र मानव स्वास्थ्य तथा सामाजिक कार्यसँग सम्बन्धित उद्योग (४०.२ %) व्यवस्थापनमा संलग्न रहेका छन् । महिला र पुरूषमा मासिक औसत आम्दानीमा भिन्नता शहरी क्षेत्रमा रू. ५,७१० एवं ग्रामीण क्षेत्रमा रू. ६,४१४ रहेको छ । ७३.४ प्रतिशत महिलाको आम्दानी श्रीमान्को आम्दानी भन्दा कम रहेको छ भने ७.५ प्रतिशत महिलाको आम्दानी पुरूषको भन्दा बढी रहेको छ । त्यस्तै स्थायी सम्पत्तिमा महिलाको स्वामित्व भएका घरधुरी लगभग २० प्रतिशत रहेको छ । महिलाहरूले उद्योगको स्वामित्व लिन सुरु गरेकाले स्थायी सम्पत्तिमो महिलाको स्वामित्व भएका घरधुरी बढ्ने सम्भावना देखिन्छ । गैर आर्थिक क्रियाकलापलाई विस्तारै राष्ट्रिय लेखा प्रणालीमा समावेश गर्न थालिएकाले गैरआर्थिक क्रियाकलापमा संलग्न महिलाको संख्या घट्दै जाने अनुमान गर्न सकिन्छ ।

### लैङ्गिक उत्तरदायी बजेट तथा महिला सशक्तीकरण कार्यक्रम

नेपाल सरकारले आर्थिक वर्ष २०६४/६५ देखि लैंगिक उत्तरदायी बजेटको विनियोजन गर्ने कार्यको सुरुवात गरेपश्चात् वर्तमानमा बजेट तर्जुमा दिग्दर्शन, २०७५ (आठौं संस्करण) मार्फत् विभिन्न सूचक, उपसूचक र परीक्षण सूचिहरू तयार गरी लैङ्गिक बजेट तर्जुमाको आधार स्पष्ट पारेको छ । विगत १५ वर्षको (२०६४/६५ -२०७८/७९) लैङ्गिक उत्तरदायी

बजेटको प्रवृत्तिलाई केलाउँदा आर्थिक वर्ष २०७४/७५ सम्म लैङ्गिक बजेट बढेको देखिन्छ। त्यसपछिका दुई वर्षमा लैङ्गिक बजेटको आकार घटेको भए तापनि आर्थिक वर्ष २०७७/७८ देखि बजेटको आकार बढेको देखिन्छ। सुरुका १० वर्षहरूमा प्रत्यक्ष उत्तरदायी बजेटको तुलनामा अप्रत्यक्ष उत्तरदायी बजेट र तटस्थ बजेटको हिस्सा अधिक भए तापनि अन्तिम ५ वर्षहरूमा प्रत्यक्ष र अप्रत्यक्ष उत्तरदायी बजेटको हिस्सा अधिक देखिन्छ। साथै आर्थिक वर्ष २०७७/७८ र २०७८/७९ मा प्रत्यक्ष उत्तरदायी बजेटको हिस्सा सबैभन्दा धेरै (३८.१८ प्रतिशत र ३९.७८ प्रतिशत) रहेको छ।

विगतका ५ वर्षहरूमा औसतमा ३६ प्रतिशत प्रत्यक्ष उत्तरदायी बजेटको विनियोजनले सरकारी बजेटरी कार्यक्रमहरू ५० प्रतिशत भन्दा बढी महिलालाई प्रत्यक्ष लाभ पुग्नेगरी तय गरिएको भन्ने पुष्टि गर्दछ। यस्तै गरी सोही अवधिमा औसतमा ३८ प्रतिशत बजेटरी कार्यक्रमहरू २० प्रतिशत देखि ५० प्रतिशत महिलालाई अप्रत्यक्ष लाभ प्रदान गर्ने गरी र २६ प्रतिशत कार्यक्रमहरू २० प्रतिशत भन्दा कम महिलालाई  लाभ प्रदान गर्ने गरी तय गरिएको देखिन्छ। विगत ५ वर्षदेखि लैङ्गिक दृष्टिकोणले तटस्थ बजेटको आकार घट्दै जानुले बजेट मार्फत् संघ, प्रदेश र स्थानीयस्तरमा लैङ्गिक समानतालाई प्राथमिकता दिने क्रम बढ्दै गइरहेको  देखिन्छ।

लैङ्गिक उत्तरदायी बजेट निर्माणको १५ वर्षे इतिहासमा नेपालमा आवश्यक कानूनी तथा नीतिगत संरचनाको जग बसेको पाइए तापनि लैङ्गिक उत्तरदायी बजेटको वर्गीकरण अनुसार अनुमानित र यथार्थ खर्चको विश्लेषण गरी वास्तविकरूपमा कस्ता कार्यक्रमहरूमा बजेट खर्च हुन नसकेको हो सो को अध्ययन हुनु जरूरी देखिन्छ। राष्ट्रिय लैंगिक नीति एवं अन्य महिला हिंसा लगायतका नीतिहरूसँग लैंगिक उत्तरदायी बजेटको तादम्यता कस्तो रहेको छ भन्ने बारेमा पर्याप्त विश्लेषण भएको पाइदैन। अन्तर्राष्ट्रिय लगानी कोषलाई लैंगिक उत्तरदायी बजेट बमोजिम वर्गीकरण गरी दाताका परियोजनाहरूलाई नेपालको लैङ्गिक उत्तरदायी बजेटको मापदण्ड अनुरूप परिचालन गर्नु चुनौतीपूर्ण देखिन्छ।

महिला सशक्तीकरण कार्यक्रममा सरकारले विगतमा गरेको खर्चको प्रवृत्तिलाई विश्लेषण गर्दा आर्थिक वर्ष २०६६/६७ देखि २०६८/६९ सम्म अनुमानित खर्चमा वैदेशिक अनुदानको समेत प्रयोग गर्ने सोच राखिएको पाइयो। तर त्यसपछिका वर्षहरूमा महिला सशक्तीकरण कार्यक्रमहरूको सम्पूर्ण खर्चको स्रोत नेपाल सरकारले नै व्यहोर्ने व्यवस्था मिलाएको देखियो। आर्थिक वर्ष २०७७/७८ सम्म आइपुग्दा नेपाल सरकारले उल्लेखित शीर्षकमा आर्थिक वर्ष २०६६/६७ को तुलनामा ४ गुणा बढी (रू. ८ करोड २३ लाख) खर्च गरेको छ। आर्थिक वर्ष २०७३/७४ र २०७५/७६ बाहेक अन्य वर्षहरूमा कुल अनुमानित खर्चभन्दा यथार्थ खर्च कम भएको देखिन्छ। उक्त दुई वर्षमा थप बजेट मार्फत् बढी रकम विनियोजन भएको देखिन्छ। समग्रमा अनुमानित र यथार्थ खर्चमा देखिएको भिन्नताले महिला सशक्तीकरणको सरकारी प्रयासको गति कमजोर रहेको प्रतीत हुन्छ।

वि.स. २०७४ सालमा स्थानीय सरकारको पुर्नवहाली तथा प्रदेश सरकारको संरचना निर्माण पश्चात् महिला सशक्तीकरण कार्यक्रमलाई स्थानीयकरण गर्ने सोचका साथ बजेट विनियोजन भए तापनि प्रदेश तथा स्थानीयस्तरमा आशातीतरूपमा विनियोजित रकम खर्च हुन नसकेको अध्ययनका क्रममा भेटियो ।

संघ, प्रदेश र स्थानीय सरकार मार्फत् सम्पन्न महिला सशक्तीकरण कार्यक्रमले महिलामा वास्तविक रूपमा कस्तो प्रभाव पारेको छ भनी यकीन गर्न कठीन देखिन्छ । उदाहरणका लागि सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदान कार्यक्रम अन्तर्गत स्वीकृत कर्जा अन्तर्गत महिला उद्यमशील कर्जाको हिस्सा दोस्रो स्थानमा (२१ प्रतिशत) रहेको छ । तर उक्त कर्जा प्रवाहबाट महिलाको आर्थिक तथा व्यवसायिक क्षमताको विकासमा कस्तो प्रभाव परेको छ भन्नेबारे तथ्यपरक जानकारी पाइदैन । त्यसैले विनियोजित बजेट अनुसार उपलब्धि हासिल भएको छ भन्ने सान्दर्भिक आधार भेटिदैन ।

## कुल गार्हस्थ्य उत्पादनमा महिलाले पुऱ्याएको योगदान

समग्रमा हेर्दा अन्तर्राष्ट्रिय स्तरमा महिलाको रोजगारी, कार्य घण्टा, आम्दानी लगायतका चरहरूको समावेश गरी अर्थतन्त्रमा महिलाको योगदानको गणना गर्ने गरेको पाइए तापनि महिलाको ज्याला तथा आम्दानी सम्बन्धी विस्तृत र यथेष्ट तथ्याङ्क उपलब्ध नभएकोले औद्योगिक वर्गीकरण अनुसारको कुल मूल्य अभिवृद्धि र औद्योगिक वर्गीकरण अनुसारको रोजगारीको लैङ्गिक तथ्याङ्कका आधारमा नेपालको कुल गार्हस्थ्य उत्पादनमा महिलाको योगदानको अनुमान गरियो । यसरी अनुमान गर्दा नेपालको कुल गार्हस्थ्य उत्पादनमा महिलाको योगदान आर्थिक वर्ष २०७४/७५ मा ३६.७८ प्रतिशत र २०७५/७६ मा ४०.७८ प्रतिशत पाइयो । आर्थिक गणना २०७५ को रोजगारीको तथ्याङ्कका आधारमा गणना गर्दा आ.व. २०७४/७५ मा कुल गार्हस्थ्य उत्पादनमा महिलाको योगदान ३३.५० प्रतिशत पाइयो भने नेपाल श्रम शक्ति सर्वेक्षण २०६५ को लैङ्गिक तथ्याङ्कका आधारमा गणना गर्दा २०६५ मा महिलाको योगदान ३६.८९ प्रतिशत पाइयो । प्रदेशगत औद्योगिक वर्गीकरण अनुसार रोजगारीको तथ्याङ्क उपलब्ध नभएकाले प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा प्रदेशका महिलाको योगदान गणना गर्न सकिएन ।

## सुझाव

यस अध्ययनबाट प्राप्त निष्कर्षको आधारमा निम्न सुझावहरू सिफारिश गरिएको छ ।

**आर्थिक तथा गैरआर्थिक क्रियाकलापमा महिला सहभागिता**

- महिलाको आर्थिक क्रियाकलापमा पुरूष सरह सहभागिता बढाउन आर्थिक एवं सामाजिक-सांस्कृतिक मूल्य मान्यता, काम गर्ने स्थानको घरदेखिको दूरी, महिला सुरक्षाको स्थिति, जस्ता तत्वहरू पनि बाधक बन्ने गरेको तथ्यहरू विश्वमाझ प्रमाणित भइसकेको तथ्यलाई नेपालले समेत आत्मसात् गर्दै यस्ता बाधक तत्वहरूको पहिचान गरी महिलाको आर्थिक क्रियाकलापमा सक्रियता बढाउँदै लैजाने ।
- आर्थिक क्रियाकलापसँगै गैरआर्थिक क्रियाकलापको मौद्रिक मूल्यको गणना गर्ने विश्वसनीय पद्धतिको विकास गरी लागु गरी समाजमा महिलाको भूमिकाको उजागर गर्ने प्रयत्न गर्नुपर्ने ।
- अन्तराष्ट्रिय अभ्यास अनुरुप लेखा प्रणालीमा गैरआर्थिक क्रियाकलापको समावेशितालाई थप परिष्कृत गर्ने ।

**लैङ्गिक उत्तरदायी बजेट तथा महिला सशक्तिकरण लैङ्गिक कार्यक्रम**

- लैङ्गिक उत्तरदायी बजेटका कम्पोनेन्टहरूमा मन्त्रालयगत छुट्टाइएका कार्यक्रमहरू शीर्षकगतरुपमा मिले नमिलेको यकीन गर्न अनुगमन गरिनुपर्ने ।
- विदेशी सहायताका परियोजनाहरूलाई नेपालको लैङ्गिक उत्तरदायी बजेट मापदण्ड तयार गरी सोही बमोजिम परिचालन गर्ने व्यवस्था मिलाउने र त्यसको निरन्तर अनुगमन गर्ने ।
- स्थानीय एवं प्रदेश स्तरमा भए गरेका अध्ययन प्रतिवेदन, लैङ्गिक बजेट परिक्षण, न्भ्क्ष क्तचबतभनथ आदिको विश्लेषणात्मक अध्ययन गरी प्रभावकारीता अध्ययन गर्ने ।
- राष्ट्रिय लैङ्गिक नीति एवं अन्य महिला हिंसा लगायतका नीतिहरूसँग लैङ्गिक उत्तरदायी बजेटको तादम्यता कस्तो रहेको छ भन्ने बारेमा पर्याप्त विश्लेषण गरिनुपर्ने ।
- सरकारले संकलन गरेको कर राजश्व एवं प्रदान गर्ने अनुदानलाई लैङ्गिक वर्गीकरण अनुसार अभिलेख राख्ने व्यवस्था मिलाउने ।
- अध्ययन गरिएका अधिकांश वर्षहरूमा महिला सशक्तीकरण कार्यक्रममा सरकारले विनियोजन गरेभन्दा यथार्थ खर्च कम देखिएकाले सोको कारण पत्तालगाई जिम्मेवार निकायबाट खर्चको प्रभावकारीता अभिवृद्धि गर्ने ।

- महिला लक्षित अनुदानात्मक कार्यक्रमहरूले महिलाको वास्तविक सामाजिक तथा आर्थिक विकास भए नभएको भनी तथ्यपरक जानकारीका लागि यथार्थपरक अध्ययन गरिनुपर्ने ।

## महिलाको कुल गार्हस्थ्य उत्पादनमा योगदान

- राष्ट्रिय लेखा प्रणाली २००८ कार्य व्यवस्थाको प्रयोग गरी एक्स्टेन्डेड जिडिपिको गणना गरी महिलाको योगदान अनुमान गर्ने व्यवस्था मिलाउन सकिने ।
- स्थानीय गाउँपालिका/नगरपालिका/जिल्ला तथा प्रदेशले गर्ने सर्वेक्षण एवं विषयगत विशेष तथ्याङ्क संकलनलाई विश्वसनीय बनाउँदै केन्द्रीय तथ्याङ्क विभाग र स्थानीय तहबाट हुने दोहोरो गणना एवं दोहोरो खर्चबारे पुर्नविचार गरिनुपर्ने ।
- लैङ्गिक ज्याला भिन्नतालाई अझै बृहत् रूपमा अध्ययन गरिनुपर्ने । प्रदेशगतरूपमा औद्योगिक वर्गीकरण अनुसार लैङ्गिक रोजगारीको तथ्याङ्क संकलन गर्ने ।
- सानो पकेट क्षेत्र वा स्थानीयतहलाई आधार बनाई आय विधिबाट जिडिपि गणनाको अभ्यास गर्न सकिने ।
- संघ, प्रदेश र स्थानीय तहबीच तथ्याङ्कको नियमित आदान-प्रदानको व्यवस्था मिलाउन क्यालेण्डर बनाई लागु गर्ने ।

## सन्दर्भ सूची

Booz & Company (2012). Empowering the Third Billion Women and the World of Work in 2012, booz&co. USA.

Central Bureau of Statistics (2018). Annual Household Survey 2016/17, Central Bureau of Statistics, Nepal.

Central Bureau of Statistics (2019). Nepal Labor Force Survey III 2017/18. Central Bureau of Statistics, Nepal.

Kulshrestha, A.C. (2016). On Contribution of Women in Domestic Product of Indian Economy. *Statistics and Applications*, Vol. 14, Nos. 1 & 2, 2016.

Mehta, A. & Pratap, S.(2017). Exploring the Possibility of Estimating the Monetary Value of Women's Contribution to GDP

Ministry of Women, Children and Senior Citizen (2078). Compilation of Social Statistics Nepal (2078), MoWCSC, 2078, Nepal.

Raveendran, G. (2010). Contribution of Women to the National Economy. *ILO Asia-Pacific Working Paper Series*, June, 2010.

SCURTU, L. & MOROSAN, G. (2019). Women's Contribution to Romania's GDP Creation. *ECOFORUM*, Vol. 8, issue 1(18).

अर्थ मन्त्रालय (२०७५) बजेट तर्जुमा दिग्दर्शन, २०७५ (आठौं संस्करण), अर्थ मन्त्रालय ।

राष्ट्रिय आर्थिक सरोकार समाज, नेपाल (२०७८) लैंगिक हिंसा, सामाजिक कुरीति तथा मानव बेचबिखन बिरुद्ध प्रदेश तथा स्थानीय स्तरबाट भएका प्रतिबद्धता, घोषणा आदिको कार्यान्वयन अवस्थाको अनुगमन र प्रभाव मूल्याङ्कन सम्बन्धी एक अध्ययन, महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, काठमाडौं, नेपाल ।

मल्ल, उत्तमनारायण (२०६६) राष्ट्रिय लेखा प्रणाली : एक परिचय, नेपालमा आधिकारिक तथ्याङ्क प्रणाली तथा विधि, केन्द्रीय तथ्याङ्क विभाग, २०६६, काठमाडौं ।

शर्मा, रुद्रादेवी (२०७७) नेपालमा लैङ्गिक उत्तरदायी बजेट कार्यान्वयन अवस्था र भावी कार्य दिशा, सशक्तीकरण जर्नल, महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय, काठमाडौं, नेपाल ।

# अनुसूची

**अनुसूची १ :** महिलाहरूको स्वामित्वमा रहेका उद्योगहरूको संख्या (प्रतिशतमा)

| उद्योगको प्रकार | पुरूष | महिला |
|---|---|---|
| कृषि, वन र मत्स्यपालन | ८३.६ | १६.४ |
| खानी तथा उत्खनन् | ७८.४ | २१.६ |
| उत्पादनमूलक उद्योग | ७७.३ | २२.७ |
| विद्युत, ग्यास, वाष्प, तथा वातानुकलित आपूर्ति सेवा | ९४.४ | ५.६ |
| पानी आपूर्ति, ढल, फोहोर व्यवस्थापन तथा पुनःउत्पादनका क्रियाकलापहरू | ९१.९ | ८.१ |
| निर्माण | ९४.१ | ५.९ |
| थोक तथा खुद्रा व्यापार, गाडि तथा मोटरसाइकल मर्मत सेवा | ६९.० | ३१.० |
| यातायात तथा भण्डारण | ९२.४ | ७.६ |
| आवास तथा भोजन सेवा | ६१.० | ३९.० |
| सूचना तथा संचार | ९०.९ | ९.१ |
| वित्तीय तथा वीमा क्रियाकलापहरू | ८०.५ | १९.५ |
| घरजग्गा कारोवारको सेवा | ९५.५ | ४.५ |
| पेशागत वैज्ञानिक तथा प्राविधिक क्रियाकलापहरू | ९०.७ | ९.३ |
| प्रशासनिक तथा सहयोगी सेवाका क्रियाकलापहरू | ९१.२ | ८.८ |
| शिक्षा | ८२.८ | १७.२ |
| मानव स्वास्थ्य तथा सामाजिक कार्य | ७७.२ | २२.८ |
| कला,मनोरञ्जन र रिक्रियेसनल क्रियाकलाप | ९३.४ | ६.६ |
| अन्य सेवागत क्रियाकलापहरू | ७३.२ | २६.८ |

*स्रोत: आर्थिक गणना २०७५, केन्द्रीय तथ्याङ्क विभाग*

**अनुसूची २ : महिलाहरूले व्यवस्थापन गरेका उद्योगहरूको संख्या (प्रतिशतमा)**

| उद्योगको प्रकार | पुरुष | महिला |
|---|---|---|
| कृषि, वन र मत्स्यपालन | ८५.१ | १४.९ |
| खानी तथा उत्खनन् | ७९.६ | २०.४ |
| उत्पादनमूलक उद्योग | ७७.७ | २२.३ |
| विद्युत, ग्यास, वाष्प, तथा वातानुकलित आपूर्ति सेवा | ९७.५ | २.५ |
| पानी आपूर्ति, ढल, फोहोर व्यवस्थापन तथा पुनःउत्पादनका क्रियाकलापहरू | ९३.४ | ६.६ |
| निर्माण | ९३.९ | ६.१ |
| थोक तथा खुद्रा व्यापार, गाडि तथा मोटरसाइकल मर्मत सेवा | ६८.३ | ३१.७ |
| यातायात तथा भण्डारण | ८८.९ | ११.१ |
| आवास तथा भोजन सेवा | ५९.७ | ४०.३ |
| सूचना तथा संचार | ९०.१ | ९.९ |
| वित्तीय तथा वीमा क्रियाकलापहरू | ७५.२ | २४.८ |
| घरजग्गा कारोवारको सेवा | ९४.१ | ५.९ |
| पेशागत वैज्ञानिक तथा प्राविधिक क्रियाकलापहरू | ९०.२ | ९.८ |
| प्रशासनिक तथा सहयोगी सेवाका क्रियाकलापहरू | ९०.९ | ९.१ |
| शिक्षा | ८३.७ | १६.३ |
| मानव स्वास्थ्य तथा सामाजिक कार्य | ५९.८ | ४०.२ |
| कला,मनोरञ्जन र रिक्रियेसनल क्रियाकलाप | ९२.६ | ७.४ |
| अन्य सेवागत क्रियाकलापहरू | ७४.८ | २५.२ |

*स्रोतः आर्थिक गणना २०७५, केन्द्रीय तथ्याङ्क विभाग*

**अनुसूची ३ : उद्योगअनुसार रोजगारीमा संलग्नता (प्रतिशतमा)**

| उद्योगको प्रकार | पुरूष | महिला |
|---|---|---|
| कृषि, वन र मत्स्यपालन | ६२.४ | ३७.६ |
| खानी तथा उत्खनन् | ९५ | ५ |
| उत्पादनमूलक उद्योग | ७४ | २६ |
| विद्युत, ग्यास, वाष्प, तथा वातानुकलित आपूर्ति सेवा | ८४.३ | १५.७ |
| पानी आपूर्ति, ढल, फोहोर व्यवस्थापन तथा पुनःउत्पादनका क्रियाकलापहरू | ७५.५ | २४.५ |
| निर्माण | ८५.५ | १४.५ |
| थोक तथा खुद्रा व्यापार, गाडि तथा मोटरसाइकल मर्मत सेवा | ६२.४ | ३७.६ |
| यातायात तथा भण्डारण | ८०.६ | १९.४ |
| आवास तथा भोजन सेवा | ५६.८ | ४३.२ |
| सूचना तथा संचार | ७४ | २६ |
| वित्तीय तथा वीमा क्रियाकलापहरू | ५५.२ | ४४.८ |
| घरजग्गा कारोवारको सेवा | ७४.४ | २५.६ |
| पेशागत वैज्ञानिक तथा प्राविधिक क्रियाकलापहरू | ७३.८ | २६.२ |
| प्रशासनिक तथा सहयोगी सेवाका क्रियाकलापहरू | ७४.५ | २५.५ |
| शिक्षा | ४३.२ | ५६.८ |
| मानव स्वास्थ्य तथा सामाजिक कार्य | ७०.३ | २९.७ |
| कला,मनोरञ्जन र रिक्रियेसनल क्रियाकलाप | ६२.६ | ३७.४ |
| अन्य सेवागत क्रियाकलापहरू | ५७.१ | ४२.९ |

*स्रोतः आर्थिक गणना २०७५, केन्द्रीय तथ्याङ्क विभाग*

**अनुसूची ४ : औद्योगिक वर्गीकरण अनुसार कुल मूल्य अभिवृद्धिमा महिलाको योगदान**

| क.सं. | औद्योगिक वर्गीकरण | कुल मूल्य अभिवृद्धि २०१८/१९ (रू. करोडमा) | प्रत्येक क्रियाकलापमा महिलाको हिस्सा (%) | कुल मूल्य अभिवृद्धिमा महिलाको योगदान (रू. करोडमा) |
|---|---|---|---|---|
| १ | कृषि, वन र मत्स्यपालन | ८३२८९ | ५७.१९ | ४७६३२.७८ |
| २ | खानी तथा उत्खनन् | २२०० | २७.१२ | ५९६.६१०२ |
| ३ | उत्पादनमूलक उद्योग | १९२२३ | ३२.९३ | ६३२९.९६२ |
| ४ | विद्युत्, ग्यास, वाष्प, तथा वातानुकलित आपूर्ति सेवा | ३३८६ | २०.५९ | ६९७.११७६ |
| ५ | पानी आपूर्ति, ढल, फोहोर व्यवस्थापन तथा पुनःउत्पादनका क्रियाकलापहरू | १९७२ | २१.४३ | ४२२.५७१४ |
| ६ | निर्माण | २३४२६ | ११.३५ | २६५८.७७९ |
| ७ | थोक तथा खुद्रा व्यापार, गाडि तथा मोटरसाइकल मर्मत सेवा | ५४३०४ | ४३.९५ | २३८६७.४८ |
| ८ | यातायात तथा भण्डारण | २१५८० | २.१७ | ४६९.१३०४ |
| ९ | आवास तथा भोजन सेवा | ७५६५ | ४५.०१ | ३४०५.२७ |
| १० | सूचना तथा संचार | ७४१२ | २१.६७ | १६०५.९३३ |
| ११ | वित्तीय तथा वीमा क्रियाकलापहरू | २०७१३ | ४६.६१ | ९६५४.३६४ |
| १२ | घरजग्गा कारोवारको सेवा | २९५७१ | १७.६५ | ५२१८.४१२ |
| १३ | पेशागत वैज्ञानिक तथा प्राविधिक क्रियाकलापहरू | ३२७२ | २०.४५ | ६६९.२७२७ |
| १४ | प्रशासनिक तथा सहयोगी सेवाका क्रियाकलापहरू | २५४७ | १०.९४ | २७८.५७८१ |
| १५ | सार्वजनिक प्रशासन, रक्षा र अत्यावश्यक सामाजिक सुरक्षा | २१८५७ | २१.८० | ४७६५.८१२ |
| १६ | शिक्षा | २५१५९ | ४५.५२ | ११४५२.३ |
| १७ | मानव स्वास्थ्य तथा सामाजिक कार्य | ४९७८ | ५३.८० | २६७८.२२२ |
| १८ | अन्य सेवाका क्रियाकलापहरू | १७९३ | २१.५८ | ३८६.९१०५ |
| | कुल | **३३४२४८** | | **१२२७८९.५** |
| | **कुल गार्हस्थ्य उत्पादनमा महिलाको हिस्सा** | | | **४०.७८** |

## अनुसूची ५ : औद्योगिक वर्गीकरण अनुसार कुल मूल्य अभिवृद्धिमा महिलाको योगदान (आर्थिक गणना २०७५ को आधारमा)

| क्र.सं. | औद्योगिक वर्गीकरण | कुल मूल्य अभिवृद्धि २०७४/७५ (रू. करोडमा) | प्रत्येक क्रियाकलापमा महिलाको हिस्सा (%) | कुल मूल्य अभिवृद्धिमा महिलाको योगदान (रू. करोडमा) |
|---|---|---|---|---|
| १ | कृषि, वन र मत्स्यपालन | ७७१८७ | ३७.६० | २९०२२.३१ |
| २ | खानी तथा उत्खनन् | १८४५ | ५.०० | ९२.२५ |
| ३ | उत्पादनमूलक उद्योग | १६९५७ | २६.०० | ४४०८.८२ |
| ४ | विद्युत, ग्यास, वाष्प, तथा वातानुकलित आपूर्ति सेवा | ३०९८ | १५.७० | ४८६.३९ |
| ५ | पानी आपूर्ति, ढल, फोहोर व्यवस्थापन तथा पुनःउत्पादनका क्रियाकलापहरू | १९४९ | २४.५० | ४७७.५१ |
| ६ | निर्माण | २१७७२ | १४.५० | ३१५६.९४ |
| ७ | थोक तथा खुद्रा व्यापार, गाडि तथा मोटरसाइकल मर्मत सेवा | ४७३६५ | ३७.६० | १७८०९.२४ |
| ८ | यातायात तथा भण्डारण | १९७८७ | १९.४० | ३८३८.६८ |
| ९ | आवास तथा भोजन सेवा | ६७३२ | ४३.२० | २९०८.२२ |
| १० | सूचना तथा संचार | ७०२८ | २६.०० | १८२७.२८ |
| ११ | वित्तीय तथा वीमा क्रियाकलापहरू | १८६६६ | ४४.८० | ८३६२.३७ |
| १२ | घरजग्गा कारोवारको सेवा | २६४३८ | २५.६० | ६७६८.१३ |
| १३ | पेशागत वैज्ञानिक तथा प्राविधिक क्रियाकलापहरू | २९७८ | २६.२० | ७८०.२४ |
| १४ | प्रशासनिक तथा सहयोगी सेवाका क्रियाकलापहरू | १९७० | २५.५० | ५०२.३५ |
| १५ | सार्वजनिक प्रशासन, रक्षा र अत्यावश्यक सामाजिक सुरक्षा | १९३६६ | ०.०० | ०.०० |
| १६ | शिक्षा | २१९५४ | ५६.८० | १२४६९.८७ |
| १७ | मानव स्वास्थ्य तथा सामाजिक कार्य | ४४०६ | २९.७० | १३०८.५८ |
| १८ | अन्य सेवाका क्रियाकलापहरू | १६०५ | ४०.१५ | ६४४.४१ |
| | कुल | **३०११०३** | | **९४८६४** |
| **कुल गार्हस्थ्य उत्पादनमा महिलाको हिस्सा** | | | | **३३.५०** |

## अनुसूची ६ : औद्योगिक वर्गीकरण अनुसार कुल मूल्य अभिवृद्धिमा महिलाको योगदान

**(नेपाल श्रम शक्ति सर्वेक्षण २००८ को आधारमा)**

| क.सं. | औद्योगिक वर्गीकरण | कुल मूल्य अभिवृद्धि सन् २००७/०८ (रू. करोडमा) | प्रत्येक क्रियाकलापमा महिलाको हिस्सा (%) | कुल मूल्य अभिवृद्धिमा महिलाको योगदान (रू. करोडमा) |
|---|---|---|---|---|
| १ | कृषि, वन | २४३३२.३ | ६०.६ | १४७४८.७१ |
| २ | मत्स्यपालन | ३८६.८ | ३३.३ | १२८.९३ |
| ३ | खानी तथा उत्खनन् | ४३७.५ | २९.६ | १२९.६३ |
| ४ | उत्पादनमूलक उद्योग | ५७१८.५ | ३९.५ | २२५६.३३ |
| ५ | विद्युत, ग्यास, र पानी | १५२१.९ | ६४.२ | ९७७.३७ |
| ६ | निर्माण | ५४१३.४ | ११.२ | ६०४.७७ |
| ७ | थोक तथा खुद्रा व्यापार | १०५३०.६ | ३५.४ | ३७२८.३२ |
| ८ | आवास तथा भोजन सेवा | ११५०.३ | ५२.३ | ६०१.४३ |
| ९ | यातायात, भण्डारण र संचार | ७६८१.८ | ४.० | ३१०.३८ |
| १० | वित्तीय क्रियाकलापहरू | ३३५३.९ | ३१.३ | १०४८.०९ |
| ११ | घरजग्गा कारोवारको सेवा | ७३६३.६ | १८.३ | १३४८.२६ |
| १२ | सार्वजनिक प्रशासन र रक्षा | १४३५.२ | ११.९ | १७१.१७ |
| १३ | शिक्षा | ४८७२.२ | ३३.७ | १६४१.१६ |
| १४ | मानव स्वास्थ्य तथा सामाजिक कार्य | १०९६.३ | ४०.३ | ४४१.३७ |
| १५ | अन्य सेवाका क्रियाकलापहरू | २६५० | २३.२ | ६१५.६६ |
| | कुल | ७७९४४.३ | | २८७५१.५८ |
| | **कुल गार्हस्थ्य उत्पादनमा महिलाको हिस्सा** | | | ३६.८९ |

## अनुसूची ७ : लैंगिक उत्तरदायी बजेट

| लैंगिक उत्तरदायी बजेट | | | | | | |
|---|---|---|---|---|---|---|
| आर्थिक वर्ष | प्रत्यक्ष उत्तरदायी | | अप्रत्यक्ष उत्तरदायी | | तटस्थ | |
| | रकम ( रू.अर्वमा) | प्रतिशत | रकम (रू अर्वमा) | प्रतिशत | रकम (रू अर्वमा) | प्रतिशत |
| २०६४/६५ | 19û09 | 11û30 | 56û03 | 33û16 | 93û87 | 55û54 |
| २०६५/६६ | 32û91 | 13û94 | 83û58 | 35û41 | 119û53 | 50û64 |
| २०६६/६७ | 49û46 | 17û30 | 104û16 | 36û43 | 132û32 | 46û27 |
| २०६७/६८ | 60û61 | 17û94 | 112û65 | 36û30 | 154û64 | 45û76 |
| २०६८/६९ | 73û33 | 19û05 | 176û21 | 45û78 | 135û35 | 35û17 |
| २०६९/७० | 87û07 | 21û51 | 178û63 | 44û13 | 139û11 | 34û36 |
| २०७०/७१ | 112û5 | 21û75 | 227û3 | 43û94 | 177û4 | 34û31 |
| २०७१/७२ | 135û56 | 21û93 | 278û38 | 45û04 | 204û15 | 33û03 |
| २०७२/७३ | 182û51 | 22û27 | 393û16 | 47û98 | 243û79 | 29û75 |
| २०७३/७४ | 242û3 | 23û10 | 508û20 | 48û45 | 298û41 | 28û45 |
| २०७४/७५ | 478û6 | 37û42 | 417û7 | 32û66 | 382û7 | 29û92 |
| २०७५/७६ | 197û30 | 33û3 | 235û25 | 39û7 | 160û42 | 27 |
| २०७६/७७ | 232û47 | 33û8 | 326û75 | 47û5 | 128û79 | 18û7 |
| २०७७/७८ | 562û69 | 38û18 | 517û94 | 35û12 | 394û1 | 26û17 |
| २०७८/७९ | 649û56 | 39û78 | 555û82 | 34û04 | 427û45 | 26û18 |

*स्रोत : अर्थ मन्त्रालय, २०७८*

*Government of Nepal*

**National Planning Commission**

**Singha Durbar, Kathmandu**

**Phone: +977 - 1- 4211970**

**Fax: +977 - 01 4211700**

**Email: npc@npc.gov.np**